# प्रभाव दैनिक
National Daily



चिसो मौसममा देखिने स्वास्थ्य समस्या


चिसो तथा शीतलहरको समयमा,
- मौसमी रूघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखापर्न सक्छन् ।
- यी रोगले बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित हुन्छन् ।
- उनीहरूको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔंविज्ञापन बोर्ड

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ११ | अंक २३० | काठमाडौं | सोमबार, ०१ पुस २०८१ | Prabhab National Daily | Monday, December 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## 'मेरिटोक्रेसी' मिचेर दलीय डीन








■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीको दबाबपछि त्रिभुवन विश्वविद्यालयमा एकैसाथ आठ डीन नियुक्त भएका छन् । शनिबार बसेको त्रिवि कार्यकारी परिषद्को बैठकले आठ डीन र तीन निर्देशक नियुक्त गरेको हो ।

त्रिविका रेक्टर खड्ग केसीका अनुसार शिक्षाशास्त्र संकायमा प्रा.डा. वेदराज आचार्य, वन विज्ञान अध्ययन संस्थानमा सहप्राध्यापक ठाकुर सिलवाल, चिकित्साशास्त्र अध्ययन संस्थानमा प्रा.डा. मोहोनराज शर्मा डीन नियुक्त भएका छन् । त्यसैगरी मानविकी तथा सामाजिकशास्त्रमा प्रा.डा. द्विविनन्द ढकाल, व्यवस्थापन संकायमा प्रा.डा. महानन्द चालिसे, विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा प्रा.डा. शंकर खनाल, कृषि र पशुविज्ञान अध्ययन संस्थानमा सहप्राध्यापक डा. किशोरचन्द्र दाहाल र इञ्जिनियरिङ अध्ययन संस्थानमा प्राध्यापक डा. सुशीलबहादुर बज्राचार्य नियुक्त भएका छन् ।

त्यसैगरी शिक्षा विकास तथा अनुसन्धान केन्द्रको निर्देशकमा डा. सहप्राध्यापक राजेन्द्र कुँवर, व्यावहारिक तथा प्रविधि अनुसन्धान केन्द्रको निर्देशकमा प्रा.डा. मिना राजभण्डारी र योजना निर्देशनालयका निर्देशकमा सहप्राध्यापक डा. लक्ष्मीकान्त शर्मा नियुक्त भएका छन् ।

- प्रधानमन्त्री ओलीको दल नेकपा एमालेले मेरिटोक्रेसीको विरोध गर्दै उपकुलपति प्रा.डा. केशरजंग बरालको विरोध गरेपछि नियुक्ति प्रक्रिया रोकिएको थियो
- त्रिविले छनोट समितिले सिफारिस गरेका तीनमध्ये पहिलो नम्बरमा रहेकालाई नियुक्ति गर्न लाग्दा एमालेको कोही पनि नपर्ने भएपछि यो प्रक्रिया अवरूद्ध भएको थियो
- एमाले महासचिव शंकर पोखरेल यस विषयमा सतहमै उत्रेर मेरिटोक्रेसीको विरोध गरेका थिए भने प्रधानमन्त्री केपी शर्मा ओलीले सिनेटको बैठकमा आफूनिकट कर्मचारी संगठनका नेता र विद्यार्थी नेता उचालेर त्रिविका उपकुलपति प्रा.डा. बरालको विरोध गर्न लगाएका थिए

प्रधानमन्त्री ओलीको दल नेकपा एमालेले 'मेरिटोक्रेसी'को विरोध गर्दै उपकुलपति प्रा.डा. केशरजंग बरालको विरोध गरेपछि नियुक्ति प्रक्रिया रोकिएको थियो । कतिसम्म भने एमालेनिकट प्राध्यापकको भागबण्डा नमिल्दासमेत यो प्रक्रिया रोकिएको थियो । उपकुलपति प्रा.डा. बराल मेरिटोक्रेसीकै आधारमा डीन र निर्देशक नियुक्ति प्रक्रियामा लागेपछि प्रधानमन्त्री ओलीले हस्तक्षेप थालेका थिए । उक्त विषयमा ओलीको आलोचना बढेपछि एमाले महासचिव शंकर पोखरेल सतहमै उत्रेर मेरिटोक्रेसीको विरोध गरेका थिए ।

अघिल्लो आइतबार महासचिव पोखरेलले मेरिटोक्रेसी भन्दै कांग्रेस र माओवादीबाट मात्र डीन नियुक्त गर्न लागेको आरोप उपकुलपति बरालमाथि लगाएका थिए ।


क्रमशः पृष्ठ २ मा


ओली-पोखरेल निचोड

## संकटको घेरामा एमाले

"चीनमा पार्टी नेतृत्वलाई कुनै पनि नेताले विरोध गर्दैन । प्रतिक्रियावादीले कम्युनिस्ट पार्टी विभाजन गरेर राज गर्ने नीति लिए । हामीमा पनि पार्टीभित्र विमति जनाउने तर सही बाटो के हो भनेर पहिल्याउन नसक्ने प्रवृत्ति देखा पर्दै आएको छ ।"

■ **केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**

"अहिले पार्टीको जुन ढंगले काम भइरहेको छ, यसरी एमालेलाई राष्ट्रिय शक्ति निर्माण गर्न कठिन हुन्छ ।"

■ **शंकर पोखरेल**
**महासचिव, नेकपा एमाले**




**नेकपा एमालेको केन्द्रीय कार्यालय च्यासलमा आइतबार आयोजित 'स्थानीय तहमा पार्टी कामका समस्या र समाधान विषयक राष्ट्रिय कार्यशाला'लाई सम्बोधन गर्दै अध्यक्ष केपी शर्मा ओली र साथमा एमालेका शीर्ष नेताहरू ।** *तस्बिर सौजन्य: प्रधानमन्त्रीको सचिवालय*

■ जेबी योञ्जन

**काठमाडौं–** पार्टी संगठन सर्वाधिक मजबुत भएको दल नेकपा एमाले संकटमा फस्दै गएको देखिएको छ । पार्टीका एकपछि अर्का नेताले यसप्रति गम्भीर चिन्ता प्रकट गरेका छन् । महासचिव शंकर पोखरेलले पार्टी जीवनमा समस्या देखिएको र त्यसले एमालेलाई राष्ट्रिय शक्ति बनाउन कठिन पार्ने निचोड निकालेका छन् ।

पार्टीको नीति जनतासम्म पुऱ्याउन तथा वैचारिक राजनीतिक संघर्षमा जनतासँग संवादमा कमी औंल्याउँदै पार्टी संगठन विभागले राखेको राष्ट्रिय कार्यशालामा उनले स्वीकारे, 'अहिले पार्टीको जुन ढंगले काम भइरहेको छ, यसरी एमालेलाई राष्ट्रिय शक्ति निर्माण गर्न कठिन हुन्छ ।'

महासचिव पोखरेलको यो निचोड स्थानीय तह उपचुनावमा आशा गरेजस्तो परिणाम नआएपछि आएको हो । पार्टीका कतिपय नेताहरूमा नैतिक र वैचारिक स्खलन देखिएको र कतिपयमाचाहिँ 'सांस्कृतिक विचलन' देखिँदाको स्थितिमा पोखरेलले गरेको यस्तो विश्लेषण निकै अर्थपूर्ण छ ।

अध्यक्ष ओलीलेचाहिँ पार्टीभित्र आफ्नो कदम 'सर्वमान्य' ठानिनुपर्नेमा त्यसो नहुँदा समस्या निम्तिएको आशय प्रकट गरेका छन् । आइतबार पार्टी संगठन विभागले आयोजना गरेको कार्यशालामा ओलीले चिनियाँ कम्युनिस्ट पार्टी र त्यसको नेतृत्वलाई कुनै पनि नेताको विरोध नहुने सुनाए । चिनियाँ कम्युनिस्ट पार्टी नेतृत्वको उदाहरण दिएर ओलीले नेतृत्वको विरोध गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न खोजेका हुन्, जसलाई ओलीले समस्याको रूपमा चित्रित गरे ।

'चीनमा पार्टी नेतृत्वलाई कुनै पनि नेताले विरोध गर्दैन । प्रतिक्रियावादीले कम्युनिस्ट पार्टी विभाजन गरेर राज गर्ने नीति लिए । हामीमा पनि पार्टीभित्र विमति जनाउने तर सही बाटो के हो भनेर पहिल्याउन नसक्ने प्रवृत्ति देखा पर्दै आएको छ,' ओलीले भने ।

यसको अर्थ केही नेताले आफूमाथि गर्ने प्रश्न, आलोचना र विरोधलाई ओलीले पार्टीको समस्या ठानेका हुन् । शुक्रबारमात्रै चितवनको एक कार्यक्रममा केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले अध्यक्ष ओलीमाथि प्रश्न उठाएकी थिइन् । घुमाउरो शैलीमा उनले ओली पार्टीमा निरंकुशता लाद्न उद्धत भएको बताएकी थिइन् । यसरी आलोचना गर्ने प्रवृत्ति ओलीको दृष्टिमा समस्या हो ।

यद्यपि, नभनिएको तर एमालेले झेल्दै आएको भने राजनीतिको गौंडागौंडामा नेकपा एकीकृत समाजवादीको अड्चन हो । एक जना एमाले स्थायी कमिटी सदस्यका अनुसार तीन वर्षदेखि एकीकृत समाजवादीले एमालेको सांगठनिकमात्रै नभएर राजनीतिक जीवनमा गम्भीर धक्का दिँदै आएको छ ।

एकीकृत समाजवादी एमालेबाट 'विद्रोह' गरेर माधवकुमार नेपाल र झलनाथ खनाललगायत नेताहरूले गठन गरेका हुन् । यस दलसँगको जनमत कम छ तर एमालेलाई धक्का दिन पर्याप्त छ । २०७८ यता एकीकृत समाजवादीकै कारण एमालेले पटक-पटक क्षति बेहोर्नुपरेको छ । तर, एमाले महासचिव पोखरेलले एमालेको जीवनमा समस्या पऱ्यो भन्दा समस्या पार्ने एकीकृत समाजवादी हो भनेर किटान गर्न हिच्किचाएका छन् ।

२८ असार २०७८ यतामात्रै हेर्ने हो भने एमालेले धेरै क्षति बेहोर्नुमा जिम्मेवार एकीकृत समाजवादी नै हो । पछिल्लोपटक स्थानीय तहको उपचुनावमा पनि ठाउँठाउँमा एमालेले चुनाव हारेको एकीकृत समाजवादीकै कारणले देखिएको छ ।


जस्तो, काठमाडौंको कीर्तिपुर नगरपालिकाको प्रमुखमा २०७४ सालमा चुनाव जितेको एमाले थियो । २०७९ मा एमालेले दोस्रो हुँदै चुनाव हाऱ्यो । तर, १५ मंसिरमा भएको उपचुनावमा त एमाले झर्दैझर्दै तेस्रो स्थानतिर पुग्यो । एकीकृत समाजवादीले माओवादी केन्द्रलाई साथ दिँदा माओवादी केन्द्र तेस्रोबाट दोस्रो पोजिसनमा उक्लियो ।


क्रमशः पृष्ठ २ मा


## कर्णाली समृद्धिको आधार बन्दै सडक

१० वर्ष अघिसम्म आफ्नो तौलभन्दा बढी सामान बोकेर थप, थप आँसु चुहाउँदै नुन, चामलको जोहो गर्ने कर्णालीका ग्रामीण क्षेत्रका स्थानीयवासीले अहिले यातायातको साधनमा दैनिक उपभोग्य सामग्री ढुवानी गरेर लिने गरेका छन्

■ हेमन्त केसी



**सुर्खेत–** पछिल्लो समय कर्णाली चारवटा सडकले जोडिएको छ । विकासको पहिलो सर्त कर्णालीका लागि सडक नै हो । १० वर्ष अघिसम्म आफ्नो तौलभन्दा बढी सामान बोकेर थप, थप आँसु चुहाउँदै नुन, चामलको जोहो गर्ने कर्णालीका ग्रामीण क्षेत्रका स्थानीयवासीले अहिले यातायातको साधनमा दैनिक उपभोग्य सामग्री ढुवानी गरेर लिने गरेका छन् ।

आफ्नो खेतबारीमा उत्पादन भएको कृषिजन्य वस्तु बजारसम्म लिनका लागिसमेत सहजै सवारीसाधनको प्रयोग हुँदै आएको छ । तीन तहका सरकारको सक्रिया पहलकदमीका कारण गाउँगाउँमा सडक पुग्दा कर्णालीवासीको जीवनस्तरमासमेत सुधार आएको छ ।

कर्णालीका १० वटा पालिकामा अझै सडक पुग्न नसकेको सडक विभागको तथ्यांकले बताउँछ । यस्तै, कर्णाली प्रदेशका १० स्थानीय तहको केन्द्रमा सडक सञ्जाल पुगेको छैन । त्यसमा डोल्पाका छ स्थानीय तह से-फोक्सुन्डो, मुड्केचुला, जगदुल्ला, छार्का ताङ्सोङ, अदानचुली र ताजाकोट गाउँपालिकाको केन्द्र पनि सडकको पहुँच छैन । से-फोक्सुन्डोमा ३५.४ किलोमिटर, मुड्केचुलामा १० किलोमिटर, जगदुल्लामा २६ किलोमिटर, छार्का ताङ्सोङ ७५ किलोमिटर, अदानचुलीमा २४ र ताजाकोटमा २६ किलोमिटर नयाँ सडक निर्माण गर्नुपर्ने विभागको अनुमान छ ।

यसैगरी, कालीकोटका चार स्थानीय तह पचालझरना, नरहरिनाथ, महावै र शुभकालिका गाउँपालिकाको केन्द्रमा पनि सडक पुगेको छैन । पचालझरनामा आठ किलोमिटर, नरहरिनाथमा १६ किलोमिटर, महावैमा नौ किलोमिटर र शुभकालिकामा १२ किलोमिटर नयाँ सडक निर्माण गर्नुपर्ने देखिएको छ । प्रदेश सरकारले सडक सञ्जाल नपुगेका स्थानीय तहमा यही आर्थिक वर्षभित्र सडक पुऱ्याउने लक्ष्यका साथ काम गर्ने योजनाका साथ अगाडि बढेको भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले जानकारी दिए ।

### कर्णालीमा कति बन्यो त सडक

कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयका अनुसार कर्णाली प्रदेशमा नौ हजार ६८६.६२ किलोमिटर सडक बनेको छ । जुन, नेपालको कूल सडकको १२.०४ प्रतिशत हो । कर्णालीका सडकमा ३० हजार ३६७ सवारीसाधन गुड्छन् । भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका सूचना अधिकारी प्रवीण कार्कीका अनुसार कर्णालीमा संघीयतापछि मात्र पनि सडकमा राम्रो प्रगति भएको छ । प्रदेश सरकार गठन भएपछि १५६.७६ किलोमिटर सडक कालोपत्र गरिएको छ । ग्राभेल सडक ६०१.०५ किलोमिटर खनिएको छ । कच्ची सडक दुई हजार ८२२.३३ किलोमिटर निर्माण भएको छ । नालासहितको स्तरोन्नति गरिएको सडक ४६८.४१ किलोमिटर छ ।

यस प्रदेशमा प्रदेश सरकारले ३९ वटा मोटरेबल निर्माण गरेको छ । पालिकासँग जोड्ने अधिकांश सडक स्थानीय सरकारले गर्दै आएका छन् । डोल्पामा जाने मुख्य सडक कुनै पनि कालोपत्रे भएका छैनन् । त्रिपुरासुन्दरी नगरपालिकाको प्रशासकीय केन्द्र बगरबाट बाला त्रिपुरासुन्दरी मन्दिरसम्म पुग्नका लागि झण्डै दुई किलोमिटर सडक पिच गरिएको छ । कर्णालीमा सबैभन्दा बढी सडक भएको जिल्लामा दैलेख अग्रिणी स्थानमा रहेको छ । यहाँ पक्की सडक ४५२.२ किलोमिटर छ । ग्राभेल सडक १८५.७ किलोमिटर र कच्ची सडक दुई हजार ३१०.८ किलोमिटर गरी जम्मा सडक दुई हजार ९४८.७ किलोमिटर छ ।

यस्तै सुर्खेतमा पक्की २७८.२१, ग्राभेल ५८३.९३ र कच्ची ९३४.६६ गरी जम्मा एक हजार ७९६.८२ किलोमिटर सडक छ ।


क्रमशः पृष्ठ २ मा



जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

# संकटको घेरामा...

अर्को उदाहरण, काठमाडौं-१६ एमालेको प्रभाव क्षेत्र थियो । तर, पार्टी विभाजन भएर एकीकृत समाजवादी बनेपछि त्यहाँ कांग्रेसले २०७९ मा चुनाव जित्यो । एमालेले प्रभाव क्षेत्र गुमायो । यसपटक भने रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले जित्यो । रास्वपाका उम्मेदवारभन्दा करिब ८०० मतले एमाले उम्मेदवार पराजित भए । जबकि एकीकृत समाजवादीले १२ सय मत ल्यायो । अर्थात्, एमालेलाई वडाध्यक्षमा पराजित गर्न एकीकृत समाजवादी काफी भइदियो ।

९ भदौ २०७८ मा एकीकृत समाजवादी गठनपछि एमालेले यहाँ निकटतम प्रतिस्पर्धी हुने हैसियतसमेत गुमाएको छ । अन्यन्त्रका केही स्थानमा पनि एमालेको हारका लागि एकीकृत समाजवादीमा संगठित मत निर्णायक देखिएको छ । दुई वर्षअघि भएको आमनिर्वाचनमा एकीकृत समाजवादीले पाएको मत दुई लाख ९८ हजार हो । यो मत २०७४ र त्यसअघि एमालेमा संगठित थियो । यही मत एकीकृत समाजवादीमा २०७९ को चुनावयता रहँदा नेकपा एमाले संसद्को पहिलो शक्तिबाट दोस्रो शक्ति भयो, त्यो पनि धेरै सिट अन्तरले ।

२०७४ मा एमाले माओवादीसँग मिलेर चुनाव लड्दा प्रत्यक्षतर्फ नै सिट संख्या ८० थियो । समानुपातिक जोड्दा १२१ सांसद थियो । तर, २०७९ मा समानुपातिक जोड्दा पनि ७८ मात्रै पुग्यो । यो भनेको नेकपा एमालेले संसदीय चुनावमै एकीकृत समाजवादीका कारण बेहोरेको क्षति हो ।

आमचुनावअघि त नेकपा एमालेले एकीकृत समाजवादीकै कारण केन्द्रदेखि प्रदेशसम्मका सबै सरकार गुमाएको थियो । अर्थात् यसअघि एमालेलाई लामो समय प्रतिपक्षी बेञ्चमा पुऱ्याउन जिम्मेवार एकीकृत समाजवादी नै हो । स्थानीय तहदेखि प्रदेश हुँदै संघीय निर्वाचनमा पनि ठाउँठाउँमा एमाले उम्मेदवारहरू हारेको एकीकृत समाजवादीमा संगठित एमालेकै मतले हो ।

राष्ट्रियसभा सदस्य उपचुनाव होस् वा राष्ट्रपति चुनाव होस्, यी चुनावहरूमा पनि एकीकृत समाजवादीकै कारण एमालेले धक्का खायो । सोही कारण हुन सक्छ- एमाले अध्यक्ष रहेका हालका प्रधानमन्त्री ओलीले एकीकृत समाजवादीका अध्यक्ष नेपालको नाम उच्चारण गर्दा मुख कुल्ला गर्नुपर्छ भनेका थिए । यसले एकीकृत समाजवादी र उक्त दलका अध्यक्ष नेपालसँग ओली कति क्रोधित भएका छन् भन्ने पुष्टि गर्छ ।

त्यही भएर ओली एकीकृत समाजवादीसँग पार्टी एकता गर्न कुनै पनि हालतमा तयार छैनन् । बरु, कार्यकर्ताहरूलाई पार्टीमा प्रवेश गराउने तर अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाललगायतलाई एमाले भित्र्याउन ओली इच्छुक छैनन् । नेपालले पनि ओलीलाई लक्षित गर्दै भन्ने गरेका छन्- चुरिफुरी समाप्त पारिदियौं ।

यसरी अनेक हण्डर र ठक्कर खाँदै एमाले अघि बढिरहँदा महासचिव शंकर पोखरेलले पार्टी ठीकठाक चलिरहेको छैन भनेका हुन् । उनले पार्टी जीवनमा समस्या नै समस्या देखिएको र त्यसका लागि एमालेबाट निर्वाचित जनप्रतिनिधिले राम्रा काम गरेर जनताको मत जित्नुपर्ने बताएका हुन् । होइन भने एमालेलाई राष्ट्रिय शक्ति बनाउन कठिन हुने ठहऱ्याएका हुन् ।

■■■

# 'मेरिटोक्रेसी' मिचेर...

'त्रिभुवन विश्वविद्यालयको उपकुलपति छनोटलाई मेरिटोक्रेसीका आधारमा गरिएको भनेर खुबै प्रचार गरियो । जबकि त्यतिबेलाको सत्ताको नेतृत्व गरिरहेको माओवादीले आफूनिकट व्यक्तिलाई भिसी बनाउनेगरी प्रक्रिया अघि बढायो,' सामाजिक सञ्जाल फेसबुकमा महासचिव पोखरेलले लेखेका छन्, 'सोहीअनुसार माओवादीनिकटका चित्रबहादुर बुढाथोकी र केशरजंग बराल एक र दुई नम्बरमा सिफारिस गरिए । योजनाअनुरूप दुई नम्बरमा रहेका बराललाई भिसी बनाइए ।'

बिहीबारको सिनेट बैठकमा प्रधानमन्त्री ओलीले आफूनिकट कर्मचारी संगठनका नेता र विद्यार्थी संगठनका नेता उचालेर उपकुलपति बरालमाथि खनिन लगाएका थिए । त्रिवि कर्मचारी संघका अध्यक्ष छत्रबहादुर कार्कीले उपकुलपति बरालले डीन नियुक्त गर्न नसकेर जात्रा गरेको आरोप लगाएका थिए । उनी एमालेनिकट प्रगतिशील कर्मचारी संगठनका नेता हुन् । त्रिवि कर्मचारी संघमा उनी २०७९ असार १५ गते निर्वाचित भएका हुन् ।

यसपछि पूल्चोक इञ्जिनियरिङ क्याम्पसका स्ववियु सभापति विराज अर्यालले उपकुलपति बरालले एकलौटीरूपमा विश्वविद्यालय चलाएको आरोप लगाएका थिए । उपकुलपति विश्वविद्यालयमै नआउने आरोप लगाउँदै उनले मेरिटोक्रेसी लागू गर्न नहुने माग गरे । 'उपकुलपति आधा समय घर बस्नुहुन्छ । यहाँ उहाँको आतंक छ । आफैं नियम मिच्दै हिँड्नुहुन्छ,' अर्यालले भनेका थिए, 'मेरिटोक्रेसीको रंगमञ्च किन रच्दै हुनुहुन्छ ? तपाईंको मान्छे नियुक्त गर्नलाई ?' अर्याल नेकपा एमालेको भ्रातृ संगठन अनेरस्ववियुका नेता हुन् । सिनेट बैठकमा प्रधानमन्त्री ओलीले आफूबाट हस्तक्षेप नभएको भन्दै समाचारहरूको खण्डन गरेका थिए ।

### यसरी मिल्यो भागबण्डा

त्रिविका उपकुलपतिमा प्रा.डा. बराललाई माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा २०८० फागुनमा नियुक्त गरेका थिए । उनै बरालले मेरिटोक्रेसीको आधारमा डीन र निर्देशकहरू नियुक्त गर्न लागेपछि गत साउन १३ गते सिनेटको बैठक नै स्थगित गरेका थिए प्रधानमन्त्री ओली ओलीले । त्यसपछि लामो समय लगाएर भागबण्डा मिलेपछि ओलीले बिहीबार पुस ७ भित्र नयाँ डीन नियुक्त गर्न निर्देशन दिएका हुन् ।

यही दबाबका कारण उपकुलपतिले आठ डीनमा कांग्रेसबाट तीन, एमालेबाट दुई र माओवादीबाट दुईजना नियुक्त गरेका छन् । एकजना भने स्वतन्त्र छानिएका छन् । व्यवस्थापन संकायमा नियुक्त प्रा.डा. महानन्द चालिसे, वन विज्ञान अध्ययन संस्थानमा नियुक्त सहप्राध्यापक ठाकुर सिलवाल र विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा नियुक्त प्रा.डा. शंकर खनाल कांग्रेस कोटाबाट हुन् ।

यता इञ्जिनियरिङ अध्ययन संस्थानमा नियुक्त प्रा.डा. सुशिलबहादुर बज्राचार्य र शिक्षाशास्त्र संकायमा नियुक्त प्रा.डा. वेदराज आचार्य एमाले कोटाका डीन हुन् । माओवादीबाट मानविकी तथा सामाजिक शास्त्रमा प्रा.डा. द्विविनन्द ढकाल र कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा सहप्राध्यापक किशोरचन्द्र दाहाल डीन नियुक्त भए । चिकित्साशास्त्र अध्ययन संस्थानको डीनमा भने प्रा.डा. मोहोनराज शर्माको नाममा सहमति जुटेको बताइएको छ ।

उपकुलपति बरालले छनोट समितिले सिफारिस गरेका तीनमध्ये पहिलो नम्बरमा रहेकालाई नियुक्ति गर्न चाहेका थिए । यसरी नियुक्ति दिँदा एमालेको कोही पनि नपर्ने भएपछि तीन जनामध्येबाट एक जना जोसुकैलाई नियुक्ति गर्ने सहमति जुटेको हो । 'सम्बन्धित क्षेत्रका शैक्षिक विशिष्टता प्राप्त गरेको प्राध्यापक वा सहप्राध्यापकहरूमध्येबाट वर्णानुक्रममा तीन जनाको नामावली कार्यकारी परिषद्समक्ष पेस गर्ने छ र कार्यकारी परिषद्बाट सिफारिस गरिएका तीन जनामध्ये कुनै एक जनालाई डीनमा नियुक्त गरिने छ,' डीन नियुक्तिसम्बन्धी पछिल्लो मापदण्डमा उल्लेख छ ।

यसैगरी परिषद्ले तीन जना निर्देशक भने बराबर बाँडफाँट गरेको छ । कांग्रेसले व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकास्ट) पाएको छ । यहाँ प्रा.डा. मीना राजभण्डारी निर्देशक नियुक्त भइन् । एमालेको भागमा शिक्षा, विकास तथा अनुसन्धान केन्द्र (सेरिड) पऱ्यो । सेडिडको निर्देशकमा सहप्राध्यापक राजेन्द्र कुँवर निर्देशक नियुक्त भए ।

माओवादीको भागमा परेको योजना निर्देशनालयको निर्देशकमा लक्ष्मीकान्त शर्मा नियुक्त भएका छन् । आठ जना डीनका लागि ६३ र निर्देशकको लागि १६ जनाले आवेदन दिएका थिए । त्रिविमा अझै रिक्त १२ क्याम्पसका प्रमुख नियुक्त गर्न सकेको छैन ।

■■■

# कर्णाली समृद्धिको...

जाजरकोट जिल्लामा पक्की १११, ग्राभेल ४०.५ र कच्ची ९७१ गरी एक हजार १२२.५ किलोमिटर सडक छ ।

यस्तै रूकुम-पश्चिममा पक्की १३३, ग्राभेल ५७ र कच्ची एक हजार २५२ गरी जम्मा एक हजार ४४२ किलोमिटर सडक छ । सल्यानमा पक्की १६२, ग्राभेल नौ र कच्ची ३९२ गरी जम्मा ५६३ किलोमिटर सडक सञ्जाल रहेको छ । हुम्लामा पक्की दुई र कच्ची २८३ गरी जम्मा २८५ किलोमिटर सडक छ । कालीकोटमा पक्की ७४ र कच्ची ३७५.५ गरी जम्मा ४४९.५ किलोमिटर सडक छ । यस्तै, जुम्लामा पक्की ४९, ग्राभेल ९२.५ र कच्ची ३८२.६ गरी जम्मा ५२४.१ किलोमिटर सडक छ । मुगुमा पक्की चार, ग्राभेल ५२ र कच्ची ३१५ गरी जम्मा ३७१ किलोमिटर सडक छ ।

डोल्पामा भने पक्की सडक नै छैन । हालसम्म जम्मा १८५ किलोमिटर कच्ची सडक निर्माण भएको छ । यसरी कर्णाली प्रदेशमा पक्की एक हजार २६५.४१, ग्राभेल एक हजार २०.६५ र कच्ची सात हजार ४१.५६ गरी जम्मा नौ हजार ६८७.६२ किलोमिटर सडक निर्माण भइसकेको छ । संघीयतापछि मुलुकका तीनवटै तहका सरकारले सडक निर्माणलाई तीव्रता दिइरहेका छन् ।

कर्णालीको ७९ वटै स्थानीय सरकारले पनि हरेक आर्थिक वर्षको बजेटमा सबैभन्दा धेरै बजेट सडक निर्माणमा खर्चिंदै आएका छन् । संघ सरकारले कर्णालीमा कर्णाली करिडोर, भेरी करिडोर, मध्यपहाडी लोकमार्ग तथा मदनभण्डारी सडकले कर्णालीलाई छोएका छन् । भेरी करिडोरले सुर्खेत, सल्यान, जाजरकोट, रूकुम पश्चिम हुँदै डोल्पाबाट चीनको तिब्बत जोड्ने लक्ष्य लिएको छ । यसलाई त्रिदेशीय सडकको रूपमा विकास गर्ने लक्ष्यसमेत लिइएको छ । लुम्बिनी प्रदेशको नेपालगञ्ज जमुनाह र भारतको उत्तर प्रदेशको रोपैडियासँग यो सडक जोडिएको छ ।

नेपाल-भारत सिमाना जमुनादेखि नेपाल-चीन सिमाना हिल्सासम्म जोड्ने सडक कर्णाली राजमार्गको नामले चिनिन्छ । बाँकेको जमुनाह-नेपालगञ्ज-कोहलपुर-सुर्खेत, दैलेख-कालीकोट (खुलालु)-बाजुरा, हुम्लाको सिमकोट-हिल्सा गरी जम्मा ५३८ किलोमिटर लामो यो सडक कर्णालीको मुख्य समृद्धिको मार्ग हो । सुर्खेत-तल्लो डुंगेश्वर, सातखम्ब-दुल्लु पिपलकोट, खुलालु-मान्म-नाग्म-जुम्ला हुँदै मुगुसम्म सडक ३०२ किलोमिटर सडक छ । यी दुई सडकले साविकका कर्णालीको लागि समृद्धिको मार्गका रूपमा स्थापित हुँदै आएको छ ।

मध्यपहाडी लोकमार्ग रूकुम पूर्वबाट रूकुम पश्चिम हुँदै जाजरकोट दैलेख जोड्ने गर्दछ । त्यस्तै रूकुम पश्चिम र सल्यानलाई जोड्नका लागि राप्ती लोकमार्गको रहेको छ । जसले दाङबाट सल्यान हुँदै रूकुम पश्चिम जोड्ने काम गर्दछ । अर्को लुम्बिनीबाट रूकुम हुँदै जाजरकोट, जुम्ला मुगुको रारासम्म जोड्न लुम्बिनी-रारा राजमार्गको कामसमेत चालु अवस्थामा रहेको छ । यो सडक जाजरकोटको कुशे गाउँपालिकामा चालु अवस्थामा छ । कर्णालीमा निर्माण हुने अधिकांश सडक आयोजनालाई प्रर्याप्त बजेट नहुँदा काममा बाधा पुग्दै आएको यहाँका जनप्रतिनिधि बताउँदै आएका छन् ।

निर्माण भएका सडक समयमै काम गराएर अपेक्षित लक्ष्य हासिल गर्न सके कर्णालीलाई सडक समृद्धि गर्न धेरै समय नलाग्ने देखिन्छ । हाल यिनै निर्माण भएका सडकबाट कर्णालीका स्याउदेखि अन्य भारी मात्रामा जडीबुटी निर्यात हुँदै आएको छ । छिञ्चु-जाजरकोट-दुनै-मरिम ३१७ किलोमिटर सडकलाई भेरी करिडोरले चिनिन्छ । यो साविकको भेरी अञ्चलबाट जोडिएर साविकको कर्णालीको डोल्पा हुँदै चीनसँग जोड्ने कर्णालीको अर्को महत्त्वपूर्ण सडक हो । *रासस*


## कुवेतमा रोजगार

कम्पनी : ELEVEN COFFEE RESTAURANT & CAFE COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/३० LT. No. 281783 चलानी नं. ६०१९७३३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 1 | 0 | 140 | ६१,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 0 | 2 | 130 | ५७,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार

कम्पनी : ALU MASA FACTORY CO. FOR METAL PRODUCTS

पूर्व स्वीकृति मिति : २०८१/०२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/३० LT. No. 306036 चलानी नं. ६०२२०७६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१

## साउदीमा रोजगार

कम्पनी : SHAR COMPANY IS A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ LT. No. 315240 चलानी नं. ६०२२९६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Steel Construction Worker | 7 | 0 | 1000 | ३६,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1000 | ३६,०१२ | | | | | | | |
| 3 | loading and unloading worker/ helper | 2 | 0 | 1000 | ३६,०१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम इजाजत नं. १३१८/७४/७५

## कतारमा रोजगार

कम्पनी : UNITED ENTERPRISES CO.L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०८/३० LT. No. 315413 चलानी नं. ६०२२९६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 0 | 1500 | ५५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LABOUR SERVICES | 1 | 0 | 1000 | ३७,१९७ | | | | | | | |
| 3 | MESSENGER | 1 | 0 | 1100 | ४०,९१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Supreme Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम इजाजत नं. ३०१/०५९/०६०

## कतारमा रोजगार

कम्पनी : CELEBRITY BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ LT. No. 315346 चलानी नं. ६०२२९६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautician (Female) | 0 | 1 | 1700 | ६३,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

## साउदीमा रोजगार

कम्पनी : INJAZ TRADING ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ LT. No. 315386 चलानी नं. ६०२२९६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 35 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

सोमबार, ०१ पुस, २०८१

| | |
|---|---|
| **मेष** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **वृष** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **मिथुन** | अरूको करकापमा काम गर्न बाध्य । |
| **कर्कट** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **सिंह** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कन्या** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **तुला** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **वृश्चिक** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **धनु** | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| **मकर** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **कुम्भ** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मीन** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ पुस, २०८१ (१६ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.२१ | १३५.८१ |
| युरो | १ को | १४३.०७ | १४३.७१ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.५७ | १७३.३३ |
| स्विस फ्रैन्क | १ को | १५४.०८ | १५४.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८३ | ८७.२१ |
| क्यानाडियन डलर | १ को | ९६.३० | ९६.७३ |
| सिङ्गापुर डलर | १ को | १००.९२ | १०१.३७ |
| जापानी येन | १० को | ८.९८ | ९.०२ |
| चिनियाँ युआन | १ को | १८.६१ | १८.६९ |
| साउदी अरब रियाल | १ को | ३५.९९ | ३६.१५ |
| कतारी रियाल | १ को | ३७.०९ | ३७.२५ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८१ | ३६.९८ |
| मलेसियन रिङ्गेट | १ को | ३०.५९ | ३०.७३ |
| दक्षिण कोरियन वन | १०० को | ९.५२ | ९.५६ |
| स्विडिस क्रोनर | १ को | १२.४३ | १२.४९ |
| डेनिस क्रोनर | १ को | १९.१८ | १९.२७ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४०.०५ | ४४२.०० |
| बहराइन दिनार | १ को | ३५८.५५ | ३६०.१४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**योमरी** | काठमाडौं तारकेश्वरको मनमैजुमा आइतबार योमरी पूर्णिमाका दिन योमरीको प्रतिमालाई पूजा गर्नका लागि मिलाएर राख्दै ।
*तस्बिर: हरिराम भेटुवाल/रासस*

# प्रधानसेनापति सिग्देल स्वदेश फर्किए

**काठमाडौं (प्रस)–** प्रधानसेनापति अशोकराज सिग्देल छिमेकी मुलुक भारतको औपचारिक भ्रमण पूरा गरी आइतबार स्वदेश फर्किएका छन् । भारतका स्थलसेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीको निमन्त्रणामा छिमेकी मुलुकको भ्रमण सम्पन्न गरी फर्किएका प्रधानसेनापति सिग्देललाई बलाध्यक्ष रथी प्रदीपजंग केसीले त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलमा स्वागत गरे ।



भारत भ्रमणका क्रममा प्रधानसेनापति सिग्देललाई भारतीय राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा आयोजित सुशोभन समारोहमा भारतीयस्थल सेनाको मानार्थ महारथी दर्जा प्रदान गरे । भारत भ्रमणका क्रममा प्रधानसेनापति सिग्देलले त्यहाँका रक्षामन्त्री राजनाथ सिंह, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल, प्रतिरक्षा प्रमुख जनरल अनिल चौहान, स्थल सेनाध्यक्ष द्विवेदी, रक्षा सचिव र विदेश सचिवसँग छुट्टाछुट्टै शिष्टाचार भेट गरेका थिए ।

महारथी सिग्देल भारतको देहरादुनस्थित इण्डियन मिलिटरी एकेडेमीमा तालिमरत अधिकृत क्याडेटहरूको अन्तिम दलेल कवाजमा प्रमुख अतिथिका रूपमा सहभागी भए । उक्त एकेडेमीमा तालिमरत नेपाली सेनाका अधिकृत क्याडेट प्रवीन पाण्डे ३५ जना विदेशी अधिकृत क्याडेटमध्येबाट सर्वोत्कृष्ट विदेशी शिक्षार्थीका रूपमा सम्मानित भएका थिए । भारतमा रहँदा महारथी सिग्देलले भारतीय सेनाको दक्षिण कमाण्ड फोर्स केन्द्रलगायत विभिन्न रणनीतिक सैनिक संरचनाहरूको पनि भ्रमण गरे ।

उच्च तहको सैनिक नेतृत्वको भ्रमण र दुई देशका प्रधानसेनापतिलाई मानार्थ महारथीको उपाधिद्वारा सुशोभित गर्ने परम्पराबाट नेपाली सेना र भारतीय सेनाबीच विगतदेखि रहँदै आएको सम्बन्धलाई सुमधुर बनाउन महत्त्वपूर्ण योगदान पुग्ने नेपाली सेनाले विश्वास लिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

# ‘ज्यापू दिवस देशभरिका किसानको दिवस’

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले ज्यापू दिवस काठमाडौं उपत्यकाका नेवार समुदायको मात्र नभई देशभरिका किसानको दिवसका रूपमा रहेको बताएका छन् ।

ज्यापू संस्कृति विकास कोषद्वारा आइतबार वसन्तपुरमा आयोजित २१औं राष्ट्रिय ज्यापू दिवस समारोहमा उनले नयाँ बाली भित्रचाइसकेपछि त्यसको चामलबाट नै योमरी बनाउने गरिएकाले यो दिवस सबै किसानको दिवस रहेको बताए ।

उपप्रधानमन्त्री सिंहले हाम्रो समाजमा परिश्रम गर्नेलाई तल्लो तहबाट हेर्ने गरेकामा त्यसलाई परिवर्तन गर्नुपर्ने बताए । ‘श्रम र परिश्रम गर्नेको कदर गरेनौं भने विकास निर्माण हुँदैन । आजको दिवसमा खेतमा परिश्रम गरेर सबैलाई खाद्यान्न पुऱ्याउने परिश्रमीलाई सम्मान गर्नुपर्दछ,’ उनले भने ।

मन्त्री सिंहले ज्यापू दिवसलाई व्यवस्थित बनाउन एउटा स्थायी कोष स्थापना गर्नुपर्नेमा जोड दिँदै पुर्खाले सिकाएको संस्कृति र चाडपर्वलाई निरन्तरता दिनुपर्ने बताए । बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरीले योमरी कृषि सभ्यताको प्रतीक रहेको बताए । उनले भाषा, संस्कृति रहनसहन, खानपान, वेशभूषा र परम्परा रहेको नेवार समुदायजस्तो विश्वमा अन्य समुदाय नभएको बताए ।

काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले नेपाल विभिन्न संस्कृतिको देश भएको बताइन् । उनले नेपालमा मनाइने विभिन्न जात्राहरूले मुलुकको सांस्कृतिक महत्त्वलाई उजागरमात्र नगरेर देशको पहिचान बोकेको धारणा राखिन् । मुलुकको आर्थिक क्रान्ति ल्याउन पर्यटन क्षेत्रलाई विकास गर्नुपर्नेमा उपप्रमुख डंगोलले जोड दिइन् ।


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Public Relations Officer (PRO) - 5 (M/F)**

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी हुनुपर्ने छ ।

**तलबः ५०,००० सम्म**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ ।**

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
HOTLINE NUMBER -9704540753, Email: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np, Web: www.teslaoverseas.com.np
Govt. License 1638/080/81



## युएइमा रोजगार

कम्पनी : MAGNUM PLUS CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०७९/१२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/३० | LT. No. 284015 | चलानी नं. ६०१९९४३०

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 1000 | ३६,८५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Alfarooque Overseas Pvt .Ltd.
Basundhara, (Infront of police station), Kathamandu, Nepal, Contact: 01- 4961373, 9843653970, 9851279430, E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com
श्रम ईजाजत नं: १२६०/०७४/७५



### मादमे खोला हाइड्रोपावर लिमिटेड

ललितपुर म.न.पा. १०, ललितपुर

**तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस कम्पनीको संचालक समितिको मिति २०८० मंसिर २८ गते शुक्रवार दिनको ४:३० बजेको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति ,समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तेश्रो वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :
मिति :- २०८१ पौष २३ गते मंगलवार (तदनुसार ७ जनवरी, २०२५)
समय :- दिनको २:०० वजे
स्थान :- होटल हार्दिक, वागवजार, काठमाडौं ।

तेश्रो वार्षिक साधारण सभाका प्रस्तावहरु:
१. सामान्य प्रस्तावहरु :
क) कम्पनीको तर्फ वाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८०/८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरि निर्णय गर्ने ।
ख) कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी निर्णय गर्ने ।
ग) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने रनिजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको शेयरको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्बन्धमा ।
ङ) संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।
२. विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव


## मनाइयो योमरी पूर्णिमा

**काठमाडौं (प्रस)–** नयाँ धान भित्रचाएको खुसियालीमा नेवार समुदायले आइतबार योमरी पूर्णिमा पर्व हर्षोल्लासका साथ मनाएका छन् । योमरी पूर्णिमालाई य:मरी पुन्हि पनि भनिन्छ । नेवार समुदायको ठूलो चाडका रूपमा मनाइने यस दिनलाई खाद्य पदार्थको रसिलो चाडका रूपमा पनि लिइन्छ । योमरी नयाँ धानको चामलको पीठो, चाकु र तिलबाट बनाइन्छ ।

योमरी बनाउन आइतबार बिहान सबेरैदेखि घरका महिला व्यस्त भएका थिए । नुहाइधुवाइ, घरमा लीपपोत गरेर योमरी पकाउने प्रचलन छ । यो पर्वलाई नेवार समुदायले नवान्नप्राशनका रूपमा समेत मनाउने गरेको संस्कृतिविद् प्रकाशमान श्रेष्ठ ‘सक्व’ बताउनुहुन्छ । योमरीमा तिलसमेत राखेर डल्लो बनाइन्छ ।

नेवार समुदायले धान राख्ने भकारी वा कोठीमा पनि पूजाआराधना गरेर योमरी पूर्णिमा मनाउँछन् । साथै चेलिबेटीको गर्भ रहँदा गर्भमै बालकको पूर्ण स्वास्थ्यको कामना गर्दै माइतीबाट उनीहरूको घरमा तिल र चाकु भरिएको योमरी सगुनका रूपमा उपहार पठाउने चलन पनि रहेको छ ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २२८ मंसिर २९ गते २०८१ मा प्रकाशित **Express Recruiter Nepal Pvt. Ltd.** को **Almohra style Factory for Ready-to-wear clothes production** कम्पनीको विज्ञापनमा Lot No. 315355 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897,
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



### याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड

ललितपुर म.न.पा. १०, ललितपुर

**चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यस कम्पनीको संचालक समितिको मिति २०८१ मंसिर २८ गतेको निर्णय अनुसार चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति ,समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

चौथो वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :
मिति :- २०८१ पौष २३ गते मंगलवार (तदनुसार ७ जनवरी, २०२५)
समय :- विहान १०:०० वजे
स्थान :- होटल हार्दिक, वागवजार, काठमाडौं ।

चौथो वार्षिक साधारण सभाका प्रस्तावहरु:
१. सामान्य प्रस्तावहरु
क) कम्पनीको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८०/८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरि निर्णय गर्ने ।
ख) कम्पनीको आ.व. २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी निर्णय गर्ने ।
ग) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको शेयरको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्वन्धमा ।
ङ) संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी ।
२. विशेष प्रस्ताव
क) कम्पनीले हाल उपभोग गरिरहेको कर्जा swap गर्न संचालक समितिले मिति २०८१।०८।२१ गते गरेको निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।
३. विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव



### सोलुखुम्बु बहुमुखी क्याम्पस

छात्रवृत्ति व्यवस्थापन समिति
सल्लेरी, सोलुखुम्बु

**छात्रवृत्ति आवेदन फाराम भर्ने सम्बन्धी सूचना !**

यस क्याम्पसमा शैक्षिक सत्र २०८१/०८२ का लागि स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई UGC को Equity Grants बाट प्रदान गरिने छात्रवृत्तिको लागि तपसिल अनुसार दरखास्त दिनुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल**
१. दरखास्त दिने म्याद : २०८१/०९/०१ देखि २०८१/१०/३० गतेसम्म ।
२. छात्रवृत्तिको किसिम : (सो.ब.क्या. छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७९ को नियम ३ बमोजिम)
क) बुस्टर(Booster) छात्रवृत्ति
ख) दलित छात्रवृत्ति
ग) फरक क्षमता भएको विद्यार्थीका लागि छात्रवृत्ति
घ) आर्थिक रूपमा विपन्न छात्रवृत्ति
ङ) सामाजिक रूपमा वञ्चित छात्रवृत्ति
च) मेरिट (Merit) छात्रवृत्ति
छ) खेलाडी छात्रवृत्ति
३. सर्तहरू
क) दोहोरो छात्रवृत्ति पाइने छैन
ख) जागिरेको दरखास्त स्वीकृत हुने छैन ।
ग) नियमित विद्यार्थीहरूलाई प्राथमिकता दिइने छ ।
घ) म्याद नाघि आएका निवेदन उपर कुनै कारवाही गरिनेछैन,
ङ) आवश्यक प्रमाण नपुगेको निवेदन स्वीकृत हुने छैन,
च) झुटो विवरण पेश गरेको पाइएमा नियमानुसार कारवाही गरिनेछ,
छ) अन्तर्वार्ताका दिन पेश गरेको कागजातका सक्कलप्रति सहित उपस्थित हुनुपर्नेछ,
ज) आवेदन फाराम क्याम्पस प्रशासनबाट कार्यालय समयभित्र निशुल्क उपलब्ध गराईने छ ।
झ) विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०८० को परिच्छेद -४, नियम- ७, उपनियम -१ (ख) बमोजिम आवेदन दिने समयमा स्नातक तहको लागि २५ वर्ष र स्नातकोत्तर तहको लागि ३० वर्ष उमेर ननाघेको हुनु पर्नेछ ।
४. पेश गर्नु पर्ने कागजातहरू
क) तल्लो तहको सम्पूर्ण लब्धाङ्क पत्र वा ट्रान्सक्रिप्टको प्रतिलिपि,
ख) फरक क्षमता भएको, सामाजिक रूपमा बञ्चित र आर्थिक रूपमा विपन्नको हकमा सम्बन्धित वडा वा पालिकाको सिफारिस वा परिचय पत्र,
ग) खेलाडीको हकमा उच्चतम तहको खेलमा सहभागी भएको/छनौट भएको प्रमाण पत्र वा उच्चतम तहमा प्राप्त उपलब्धिको प्रमाण पत्र,
घ) दलितको हकमा जाति खुलेको प्रमाण पत्र वा वडा/पालिका एवम् जि.प्र.का.को सिफारिस ।

**नोट :** थप जानकारीको लागि क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
**सम्पर्क नम्बरः** ९८५१०१०५५६, ९८५१०६५३२८, ९८४२८४८७७५

गंगाबहादुर राई
संयोजक



**Karnali Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Manma, Kalikot**

## Invitation for Bids

**IFB No: 3-081/082**
**Date of First Publication: 2081/09/01 (16th Dec, 2024)**

1. Infrastructure Development Office (IDO), Manma, Kalikot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N | Contract Identification Number/Work Description | Estimated Amount without VAT & Contingencies (NRs) | Bid Validity / Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDO/KKT/W/NCB/13/081-082, Construction of Beuli Pantadi Sadak (Start point Shubhakalika Gaupalika Mirge Gabla dekhi Siyala khola) Kalikot | 8553378.59 | 90 Days/120 Days From Bid Openning Date | 240000 | 3000 |
| 2 | IDO/KKT/W/NCB/14/081-082, Construction of Chuchhedhunga Gauda Dhokana Sadak Sannitribeni -5, Kalikot | 2567028.22 | | 72000 | |
| 3 | IDO/KKT/W/NCB/15/081-082 Construction of Ranibisauna Ghochabada Panera Dhaulagawa hudai Dori samma Sadak Palata Ga.Pa.-3, Kalikot | 2565650.77 | | 72000 | |
| 4 | IDO/KKT/G/NCB/16/081-082 Fabricated steel parts for trail Bridges Khadchakra 8 Dalit tole Chhayadhungi Suspended Bridge, Dogrekhola taredhunga Suspended Bridge & Mulkhola suspended Bridge, Kalikot | 3609949.21 | | 100000 | |

2. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office (IDO), Manma, Kalikot Telephone No **087-440155** or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राजनीतिक हस्तक्षेप ‘अ’मूक्त त्रिवि

शिक्षा क्षेत्रमा राजनीति व्याप्त हुँदा न त शिक्षाको गुणस्तर सुध्रियो न त क्यालेण्डरअनुसार विश्वविद्यालय चल्यो । विद्यालयदेखि विश्वविद्यालय राजनीतिले अछूत रहेन । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष नियुक्तिदेखि डीन नियुक्तिसम्मै दलीय भागबण्डा गर्न दबाब कायमै छ । बेलाबेला केही मन्त्रीहरू शिक्षा क्षेत्रमा राजनीतिक नियुक्त अन्त्यको दाबी गर्दै आफ्नै दलनिकटलाई पद थमाउन पछि पर्दैनन् ।

यसपटक पनि सत्तामा रहेको दल नेपाली कांग्रेस र नेकपा एमालेले यो धङधडी प्रकट गरेका छन् । नेपाली कांग्रेसले यो प्रक्रियामा आफूलाई सार्वजनिकरूपमा नदेखाए पनि एमाले सतहमै उत्रिएको छ । त्यो पनि प्रधानमन्त्री रहेका एमाले अध्यक्ष केपी शर्मा ओली हस्तक्षेपमै उत्रेर । दलीय भागबण्डाको यो घिन चिसो मौसममा हुस्सु फैलिएझैं फैलिएको छ ।

मेरिटोक्रेसी अर्थात् योग्यताको आधारमा त्रिभुवन विश्वविद्यालयमा पदाधिकारी, डीन, क्याम्पस प्रमुख नियुक्त हुनुपर्छ भन्ने गफ बेलाबेला हुरीबतासझैं चल्छ । केही समयको उत्पात बहावपछि फेरि यो बहस शीतल भएर जान्छ । जब नियुक्तिको चरणमा आउँछ यो शीतलतामा लु चलेझैं गरी राजनीतिक दलको भागबण्डा चल्छ ।

यसपटक एकैसाथ यसरी नै आठ डीन नियुक्त भए भने तीन निर्देशक । आफ्नो दलको निकट डीन नपर्ने भएपछि प्रधानमन्त्रीको दल एमालेले कर्मचारीलाई आन्दोलन गर्न लगाए, विद्यार्थीलाई चर्को स्वरमा बोल्न लगाए । अनि चर्को स्वरमा थर्काएर ‘लौ त एमालेलाई नगर त’ शैलीमा त्रिवि कार्यकारी परिषद्का पदाधिकारीलाई थर्काए । परिषद्का पदाधिकारी पनि के कम ? जागिर जोगाउनै पर्‍यो । चिसोले थुरुरु कामेभन्दा बढी कामेर भाग लगाइदिए दलहरूलाई । जसअनुसार कांग्रेसको भागमा एक निर्देशकसहित चार, एमालेको भागमा एक निर्देशकसहित तीन, माओवादी केन्द्रको भागमा पनि एक निर्देशकसहित तीन डीन पर्‍यो । मेरिटोक्रेसीको मापदण्डलाई डस्टबिनमा फालेर सरकार, त्रिवि कार्यकारी परिषद्ले बनाएका डीनले कस्तो काम गर्ला ? यो दिनको सुरुवात बिहानले गर्ला भनेझैं छर्लंग छ ।

सरकार फेरिएपिच्छे फेरिने नियुक्तिको मापदण्डका कारण पनि यो विषय विवादमा आइरहन्छ । त्रिविजस्तो विज्ञहरूको थलोमा छनोट मापदण्ड केरमेट हुनु र क्षणक्षणमा फेरिनु पनि बौद्धिकताको मजाक नै हो । के अब त्रिवि र विद्यालय क्षेत्रलाई यसरी नै घिनलाग्दो थलो बनाइरहने त ?

# वीर सरदार भक्ति थापा



■ मोहन थापा

७३ वर्षको वृद्ध उमेरमा रणमैदानमा उभिएर आफूहरुभन्दा धेरै शक्तिशाली शत्रु सेनाको सशक्त प्रतिकार गर्ने सरदार भक्ति थापा नेपाली सैनिकका लागिमात्र नभएर विश्वकै सैनिकका लागि प्रेरक हुन्, उच्च साहस र शौर्यका पर्याय हुन् । नेपाल राष्ट्रको अखण्डताका लागि उच्च शौर्य र अथाह पराक्रम प्रदर्शन गर्ने भक्ति थापा आजसम्म नेपाली सैनिकका प्रेरणा र देशवासीबीच राष्ट्रप्रेमका उदाहरण बनिरहेका छन् । ढिलै भए पनि नेपाल सरकारले भक्ति थापाको शौर्य र पराक्रमको कदर गर्दै राष्ट्रका विभूति घोषणा गरेर सत्कार्य गरेको छ ।

### को हुन् भक्ति थापा ?

भक्ति थापाको वि.सं. १७९८ मा लमजुङको रागिनासमा जन्म भएको थियो । थापा नेपाल एकीकरणअघि गण्डकी प्रश्रवण क्षेत्रको चौबिसी समूहमा पर्ने शक्तिशाली राज्य लमजुङ दरबारका भारदार र सेनाका उच्च अधिकारी थिए । लमजुङ राज्यका स्थायीवासिन्दा थापाका पिताको नाम अमरसिंह र बाजेको नाम प्रताप थापा हो । इतिहासकार बालचन्द्र शर्माले भक्ति थापालाई गोदार वंशका थापा उल्लेख गरेका छन् । यसैगरी योगी नरहरिनाथले पनि वीर सरदार भक्ति थापालाई कश्यप गोत्रका गोदार थापा भनी उल्लेख गरेका छन् । केही लेखकले भक्ति थापालाई कपिल गोत्रीय पुंवार वंशका थापा भनी लेखेको पाइन्छ । नेपालमा बसोबास गर्ने थापा क्षेत्रीका ५७ फरक समुदाय छन्, भक्ति थापा पुंवार वंशका हुन् वा गोदार ? लेखकबीच एकमत छैन ।

### सैनिक सेवामा प्रवेश र गोरखाली सेनाको युद्धबन्दी

भक्ति थापा उमेर पुगेपछि लमजुङका राजा वीरनारायण शाह (वीरमर्दन शाह, वि.सं. १८०२-३९) को सेनामा रहेर काम गरिरहेका थिए । वि.सं. १८३८-३९ मा, महारानी राजेन्द्रलक्ष्मीको नायवीकालमा गोर्खाली (नेपाली) सेना र संयुक्त चौबिसी सेनाबीच भएको युद्धमा गोर्खाली सेनाले युद्ध जितेपछि, गोर्खाली सेनाले पर्वतका सेनापति बलिभञ्जन मल्ल र लमजुङका सेनानायक भक्ति थापालाई युद्धबन्दी बनाएको थियो । केही दिनमै पर्वतका सेनापति मल्लको गोर्खाली सेनाको कैदमा मृत्यु भयो । पछि बडाकाजी कहलाएका अमरसिंह थापाको प्रयासमा गोर्खाली राजाको सिन्दुर पहिरेर गोर्खाली (नेपाली) सेनामा काम गर्न सहमत भएपछि भक्ति थापा कैदमुक्त भएका थिए ।

### नेपाली सेनाको सुबेदार र जुम्ला विजय युद्ध

गोर्खाली सेनाको कैदबाट मुक्त भएपछि भक्ति थापा लामो समय बेरोजगार बसे । वि.सं. १८४६ मा पश्चिम विजय अभियानका सिलसिलामा, कर्णाली प्रश्रवण क्षेत्रको बाइसी समूहको शक्तिशाली राज्य जुम्ला आक्रमणका लागि खटाएको सैनिक दलमा भक्ति थापालाई नेपाली सेनाका तत्कालीन सरदार (पछि काजी) शिवनारायण खत्रीले सुबेदार पद दिएर सैनिक अभियानमा सहभागी गराएको इतिहास शिरोमणी बाबुराम आचार्यले लेखेका छन् । ‘नेपालको सैनिक इतिहास’ मा नेपाल दरबारमा भक्ति थापालाई सर्वप्रथम सुवांगी (सुबेदार वा सुब्बासरह) पद दिइएको उल्लेख छ ।

नेपालले जुम्ला विजय गरेको युद्धमा राम्रो क्षमता प्रदर्शन गर्न सफल भएपछि भक्ति थापा नेपाली सेना र नेपाल दरबारमा सधैं चर्चामा रहे । गोर्खाली विजयपछिको जुम्ला विद्रोह नियन्त्रण गर्न भक्ति थापा सफल भए । त्यसपछि भक्ति थापा केही समय जुम्लाका हाकिम भएर बसे । जुम्लापछि उनी डोटी विजयमा खटिए । डोटी विजय युद्धमा पनि थापाले राम्रो सैन्य क्षमता देखाए । डोटी विजयको एक वर्षपछि भएको त्यहाँको विद्रोह दबाउन भक्ति थापा खटाइएका थिए । उनले राम्रो काम गरेकाले उनी त्यसपछि डोटीका हाकिम भएर नेपाली शासन चलाए ।

### महाकाली पारिका युद्धमा


डोटीपछि भक्ति थापा वि.सं. १८४७-४८ पछि महाकालीपारि कुमाउं विजयका लागि खटाइए । महाकालीपारि खटिएका थापाले, नेपाली सेनाले कुमाउ र सिरमौर विजय गरेपछि त्यस भूमिमा नेपाल दरबारका हाकिम भएर नेपालको प्रशासन सम्हालेका थिए । महाकालीपारिका स्थलमा नेपालको प्रशासन सम्हाल्दा भक्ति थापाले कठोर प्रशासकको छवि बनाएको धेरै इतिहास लेखकहरूले उल्लेख गरेका छन् । कर्मभूमिमा कठोर प्रशसकको छवि बनाएका भक्ति थापाको सैनिक सेवा र प्रशासन सञ्चालनबाट त्यसबेला नेपाल दरबार र राजा रणबहादुर शाहचाहिँ खुसी भएका थिए । राजा रणबहादुर शाहले भक्ति थापालाई वि.सं. १८५१ मा लमजुङको सतारमा धान खेत बिर्ता दिनुका साथै सुबेदारबाट सरदार पदमा पदोन्नति गरिदिएका थिए ।

पारिवारिक चोट सहेर पनि भक्ति थापा राज्यको कर्तव्यमा समर्पित भइरहन्थे । वि.सं. १८६७ ताका भक्ति थापा सरदार पदमै रहँदा छोरा सर्वजित र श्रीमतीको मृत्यु शोक सहन पर्‍यो । भक्ति थापा पारिवारिक वियोगका बेला पनि कर्तव्यपथमा लागि नै रहे । उनलाई नेपाल सरकारले विश्वास गरी कुमाउ र सिरमौरका पाँच कम्पनी सेनाको तैनाथी दिनुका साथै वार्षिक पाँच हजार खान्गी दिन थालेको थियो ।

भक्ति थापा धर्मप्रति आस्थावान् थिए । उनले पश्चिमबाट काठमाडौं फर्कंदा बाटोमा पर्ने कास्कीको देउराली उकालीमा पौवा बनाएका थिए । उक्त पौवाको संरक्षणका लागि नेपाल सरकारको स्वीकृतिमा थापाले सोही क्षेत्रको पायक पर्ने स्थानको धानखेत गुठीसमेत राखेका थिए ।

### नेपाल-अंग्रेज युद्धमा सहभागिता र वीरगति

वि.सं. १८७१-७२ मा नेपाल-अंग्रेजबीच भएको युद्धमा पश्चिमतर्फका नेपालका कमाण्डर बडाकाजी अमरसिंह थापाका मातहतमा रहेर दिलोज्यानले युद्ध लडेका वीर सेनानायक भक्ति थापा ७३ वर्षको वृद्ध उमेरमासमेत उत्तिकै जोश, जाँगर र उत्साहका साथ युद्धमैदानमा अहोरात्र समर्पित



थिए । कुमाउ क्षेत्रमा अंग्रेज सेनाका कमाण्डर गार्डनर नेपाली भूमि विजय गर्दै अघि बढिरहेका थिए । मलाउ किल्लाको फेदीमा सैनिक छाउनी राखेर अंग्रेज सेनाका जनरल अक्टरलोनी नेपाली सेनामाथि जाइलाग्ने तरखरमा थिए । अंग्रेज सेनाले तारागढी, चम्बीगढी, जितेर सूर्यगढी हात पार्न प्रयास गरिरहेको थियो । करिब ९०० सैनिकसहित भक्ति थापा सो गढीको रक्षार्थ तैनाथ थिए ।

अंग्रेज सेनाका मेजर हेनेज, कप्तान हेमिल्टन, टामस आदि कमाण्डरका साथ जनरल अक्टरलोनीको सैनिक टोली सेनानायक अमरसिंह थापाको सैनिक टोलीलाई राजगढमा अल्मल्याएर भक्ति थापाको टोलीमाथि जाई लागिरहेको थियो । अंग्रेज सेना देउथलको टिप्पातर्फ बढिरहेको थियो । अंग्रेजले देउथलको टिप्पा कबजा गरेमा नेपाली सेनालाई तत्काल अप्ठेरो पर्दथ्यो । अमरसिंह थापासहितका कमाण्डरहरूको आपसी छलफलपछि करिब ३०० सैनिक लिएर सोको नेतृत्व गर्दै ७३ वर्षको उमेरमा भक्ति थापा रातको समयमै देउथलतर्फ अघि बढे । त्यसै समय शत्रु सेनाको किल्लाबाट हानेको तोपको गोला वर्षन थाले । अंग्रेज सेनाको प्रतिकार गर्दै अघि बढेका भक्ति थापा नेतृत्वको टोली अंग्रेज सेनाको किल्लानजिकै पुगेर वीरताकासाथ खुकुरी नचाउँदै जाइलागे । यत्तिकैमा शत्रु सेनाकातर्फबाट छुटेको तोपको गोला छातीमा लागेर वीर भक्ति थापा ढले । त्यो दुखद् दिन वि.सं. १८७२ वैशाख २ (तदनुसार १६ अप्रिल सन् १८१५) को थियो । भक्ति थापा ढलेपछि नेपाली सेना तितरबितर भयो ।

तोपको गोला छातीमा लागेर युद्धमैदानमा ढलेका थापाले तत्कालै वीरगति पाए । त्यसबेला भक्ति थापाको उमेर ७३ वर्षको थियो । अंग्रेज सेनाका कमाण्डरहरू युद्धमा वीर भक्ति थापाको वीरताबाट ज्यादै प्रभावित बने । जनरल अक्टरलोनीले भक्ति थापाको शव खोजेर उनको वीरताको कदर गर्दै दोसल्ला ओढाएर एक टोली सैनिकसहित नेपाली सेनाका सेनानायक अमरसिंह थापासमक्ष पठाएका थिए । भक्ति थापाको सोही इलाकामा अन्त्येष्टि गरिएको थियो । उनका दुई श्रीमती सती गएका थिए । वृद्ध भक्ति थापाको जोश, उनको देशभक्ति र निडरपनबाट अंग्रेजहरू अत्यन्त प्रभावित बनेका थिए ।

भक्ति थापाको वीरगतिपछि देउथल किल्ला अंग्रेज सेनाले कब्जा गर्न सफल भएको थियो । त्यसपछि लगत्तै नेपाली सेनाले यमुना नदीभन्दा पश्चिमको भूमिमाथिको स्वामित्व गुमाउन बाध्य भएको थियो ।

### बडाकाजी अमरसिंह थापासँग विमति

कतिपय लेखकका अनुसार नेपाल-अंग्रेज युद्धका समय पश्चिमतर्फका नेपाली सेनाका कमाण्डर बडाकाजी अमरसिंह थापा र भक्ति थापाबीच मेल थिएन । लेखक एवं सैनिक इतिहासका जानकार डा. प्रेमसिंह बस्न्यातका अनुसार जीवनको अन्तिम कालखण्डमा भक्ति थापा बडाकाजी अमरसिंह थापाको युद्ध रणनीतिसँग असन्तुष्ट थिए । अंग्रेज सेनाको निरन्तरको आक्रमणको प्रतिकार गर्ने र उचित रणनीति अवलम्बन गर्ने क्रममा अमरसिंह थापा र भक्ति थापाबीच विवाद थियो । अंग्रेज सेनाले एकपछि अर्को नेपाली भूमि विजय गर्न कोसिस गरिरहेको अवस्थामा सोको प्रतिकार गर्न कमाण्डर बडाकाजी अमरसिंह थापाले आदेश नदिएको र सम्भाव्य प्रयास नगरेकोप्रति भक्ति थापाले अमरसिंह थापासामु प्रस्टसँग विमति राखेका थिए । अमरसिंह थापाको असहयोग हुँदाहुँदै भक्ति थापा आफू मातहतमा रहेका सीमित सेना र हतियार लिएर अंग्रेज सेनाको प्रतिकार गरेर नेपाली भूमि जोगाउन रातको समयमा युद्धस्थलमा डटेका थिए ।

### जीवित छउञ्जेल भूमिरक्षक

भक्ति थापा जीवित छउञ्जेल नेपालले आक्रामक युद्ध लडिरहेका थिए । उनको मृत्युपछि नेपालले रक्षात्मक युद्ध लड्न बाध्य भयो । पश्चिमतर्फका नेपाली सेनाका कमाण्डर बडाकाजी अमरसिंह थापा भक्ति थापाको अवसानपछि मर्माहत बनेका थिए । स्मरणीय कुरा के छ भने, भक्ति थापा जीवित छउञ्जेल नेपालले कुनै भू-भाग गुमाएको थिएन । उनको वीरगतिपछि नेपालले लगातार नेपाली सेना पराजित हुन थाल्यो, फलतः धेरै जमिन गुमाउने क्रम सुरु भयो ।

अन्ततः महाकालीपारिको विजित भूमि अंग्रेजलाई सुम्पिएर बडाकाजी अमरसिंह थापा आफू मातहतका सेना र सामान लिएर पूर्व (काठमाडौं) फर्किए । नेपाल अंग्रेजबीच सन्धि ४ मार्च सन् १८१६ मा हस्ताक्षर (इतिहासमा सुगौली सन्धि भनिन्छ) भएपछि नेपाल-अंग्रेज युद्ध समाप्त भएको थियो ।

### राष्ट्रिय विभूति

सरदार भक्ति थापा नेपाल राष्ट्रका सच्चा नायक तथा क्षेत्री धर्मका प्रतिपालक थिए । भारत वर्षको भूमिमा वैदिककालदेखि क्षेत्री जातका पुरुषहरू वृद्ध भएर मृत्यु पर्खनुभन्दा युद्धभूमिमा लड्दालड्दै वीरगति प्राप्त गर्नुलाई सफल जीवनको पर्याय ठान्दथे । क्षेत्री समुदायका वीर भक्ति थापा यही क्षेत्री धर्म पालन गर्न र देश रक्षा गर्नुलाई नै सर्वोपरी ठान्दथे । क्षेत्री धर्म पालनकै सिलसिलामा भक्ति थापाले वीरगति पाएर अमरत्व प्राप्त गर्न सफल भए । वीर सरदार भक्ति थापाले युद्ध मैदानमा वीरगति पाएको २०८ वर्ष दुई महिना १२ दिनपछि २०७८ असार १४ गते उनलाई राष्ट्रिय विभूति घोषणा गरेर नेपाल सरकारले नेपाल भूमिका सच्चा रक्षकप्रति सम्मान प्रकट गरेको छ ।

### अन्त्यमा,

७३ वर्षको वृद्ध उमेरमा रणमैदानमा उभिएर आफूहरूभन्दा धेरै शक्तिशाली शत्रु सेनाको सशक्त प्रतिकार गर्ने सरदार भक्ति थापा नेपाली सैनिकका लागिमात्र नभएर विश्वकै सैनिकका लागि प्रेरक हुन्, उच्च साहस र शौर्यका पर्याय हुन् । नेपाल राष्ट्रको अखण्डताका लागि उच्च शौर्य र अथाह पराक्रम प्रदर्शन गर्ने भक्ति थापा आजसम्म नेपाली सैनिकका प्रेरणा र देशवासीबीच राष्ट्रप्रेमका उदाहरण बनिरहेका छन् । ढिलै भए पनि नेपाल सरकारले भक्ति थापाको शौर्य र पराक्रमको कदर गर्दै राष्ट्रका विभूति घोषणा गरेर सत्कार्य गरेको छ ।

■■■

## मननयोग्य

### चाणक्य नीति

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

‘धर्मको गति बुझ्निसक्नु छ’ ‘र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् ।

## पाठक पत्र

# देउवाको सफल कूटनीति: एकै गोलीबाट तीन सिकार

नेपाली कांग्रेसले २०८० फागुन २८ गतेदेखि सहकारी ठगीमा संलग्न तत्कालीन गृहमन्त्री रवि लामिछानेलाई कारबाही वा छानबिन गर्नुपर्ने मागसहित सदन अवरोध गर्‍यो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले रोस्ट्रममै उभिएर भने, ‘रवि लामिछाने निर्दोष छन् । उनले कुनै पनि सहकारी ठगेको प्रमाण छैन ।’

वर्तमान सरकारमा एमाले अध्यक्ष ओली प्रधानमन्त्री छन् । सहकारी ठगी आरोपमा पूर्वगृहमन्त्री एवं रास्वपा सभापति लामिछाने अहिले प्रहरी हिरासतमा छन् । उनलाई गत कात्तिक २ गते पक्राउ गरिएको थियो । केही दिनअघि ओलीले गृहजिल्ला झापामा भ्युटावर उद्घाटन गर्दै व्यांयात्मक रूपमा रविलाई भने, ‘सहकारी ठगेजस्तो सरकार चलाउन सजिलो छैन ।’

कांग्रेस सभापति शेरबहादुर देउवाले केही महिनाअघि एक सार्वजनिक कार्यक्रममा भने, ‘धेरै बोल्नु हुँदैन । नबोली नबोली भित्रभित्रबाट सिध्याउनुपर्छ ।’ त्यसो त उनले एउटै गोलीले तीन सिकार मारे अनि त्यसको फाइदा आफूले उठाए । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार ढाल्ने उनी नै हुन् ।

सरकार ढलेपछि अहिले दाहाल यता न उताको भएका छन् । यता, लामिछानेलाई प्रहरी हिरासतमा पुर्‍याउने पनि देउवा नै हुन् । हिजो कांग्रेसको विरोध गरेर नथाक्ने ओलीलाई अहिले आफ्नो शरणमा ल्याएका छन्, देउवाले । उनले उठ् भने उठ्ने र बस भने बस्छन्, ओली । यी सबै खेल रचेर कांग्रेसले सत्ता कब्जा गरेको छ ।

हुन त ०७९ मंसिर ४ गतेको प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनमा जनताले कांग्रेसलाई पहिलो पार्टी बनाएका थिए । तर, दाहाल चतुर हुँदा कांग्रेसले सत्ता गुमाउनुपर्‍यो । दाहाल पनि कहिले एमाले त कहिले कांग्रेससँग मिलेर आफ्नो सत्ता जोगाइराख्ने दाउमा थिए । यसबाट जानकार देउवाले भित्री खेल खेलेपछि उनी पनि सडकछाप अवस्थामा पुगेका छन् ।

‘बोलेर होइन, नबोली नबोली भित्रभित्रैबाट सिध्याउनुपर्छ’ भनेका देउवाले आखिर त्यो गरेरै देखाएका छन् । अहिले देउवा एमाले र ओली सिध्याउने खेलमा छन् । तर, यसबारे ओली अञ्जान छन् । ओलीलाई थाहा छैन कि एमाले सिद्धिन थालिसक्यो । यो हुनुको प्रमुख कारण लामिछाने प्रकरण पनि हो ।

हिजो सदनमा उभिएर रविको गुनगान गाएका ओलीकै पालामा अहिले लामिछाने समातिएका छन् । अनि यसबाट के बुझ्ने ? देउवाले दाहाल र लामिछानेलाई त सिध्याए । अब पालो एमालेको आएको छ । सहकारी ठगीमा रविमाथि अनुसन्धान गर्नुपर्ने माग राख्दै कांग्रेसले सदन अवरोध गरिरहँदा ओली आफ्नो सिटबाट उठेर रोस्ट्रमतर्फ जान लाग्दा कांग्रेसका नेता धनराज गुरुङले झण्डै कुटपिट गरेका थिए । दाहाल सरकार ढालेर ओलीले कांग्रेससँग गठबन्धन गरी सरकार गठन गरेको झण्डै छ महिना हुन लागेको छ ।

यस अवधिमा न मुलुकको अर्थतन्त्र सुध्रियो न यातायात क्षेत्रमा भएको सिण्डिकेट नै हटाए । ओली प्रधानमन्त्रीको रूपमा असफल भइसके भनेर एमालेका कार्यकर्ता र जनताले थाहा पाइसकेका छन् । गत मंसिर १६ गतेको स्थानीय तह उपचुनावमा एमाले तेस्रो स्थानमा सीमित बन्यो । उपचुनावमा कांग्रेस पहिलो पार्टी बन्यो । अनि यसबाट देउवाले एमालेलाई समेत सिध्याउन खेल खेलिरहेको स्पष्ट हुन्छ ।

देउवा बोल्दैनन् । भित्री रूपमा गर्छन् मात्रै । मंसिर ७ गते एमालेले दरबारमार्गमा जागरण सभा गर्‍यो । एक लाख कार्यकर्ता उतार्ने दाबी गरेको एमालेले एक हजारसमेत उतार्न सकेन । यसलेसमेत एमालेको लोकप्रियता कति खस्किसक्यो भनेर थाहा हुन्छ । अहिले आम नागरिक भन्छन्, ‘एमालेसँग न सिद्धान्त छ न विचार । सत्ताका लागि सबै कांग्रेसलाई बुझायो । देउवाले जे भन्यो, त्यही गर्छ एमाले ।’

देउवाले सबैलाई सिद्धाएर कांग्रेसको भविष्य निर्माण गरिसकेका छन् । ओलीलाई प्रधानमन्त्री त बनाए । तर, नामको मात्रै । किनकि ओली उनकै इसारामा चलिरहेका छन् । अब २०८४ को निर्वाचनमा फेरि पनि पहिलो पार्टी कांग्रेस नै बन्ने देखिएको छ । देउवाको कूटनीतिले अझै क-कसलाई सिध्याउने हो, हेर्न बाँकी छ ।

– अरुण खड्का, नयाँ बानेश्वर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**चासोक तङ्नाम** | चासोक तङ्नामको अवसरमा आइतबार झापाको शिवसताक्षीस्थित दुधे रंगशालामा निर्माण गरिएको घर अगाडि प्रस्तुति दिँदै कलाकारहरू । *तस्बिरः सन्तोष शर्मा/रासस*

# तीन चुल्हाको पूजासहित साकेला सिली प्रदर्शन



**खोटाङ–** किराँत समुदायको दोस्रो ठूलो चाड ‘साकेला उधौली’ आइतबारदेखि औपचारिक रूपमा सुरु भएको छ । माझकिराँत भनेर चिनिने खोटाङका किराँत समुदायले मंसिरे पूर्णिमादेखि १५ दिनसम्म उधौली र वैशाखे पूर्णिमादेखि महिना दिनसम्म उभौली साकेला चाड मनाउने गरेका छन् ।

पन्ध्र दिनसम्म मनाइने उधौली साकेला चाडको अवसर पारेर जिल्लाका किराँत समुदायले आफ्नो समुदायको ऐतिहासिकतासँग जोडिएका ठाउँ तथा पर्यटकीयस्थलमा तीन चुल्हाको पूजाआजासहित साकेला सिली प्रदर्शन गरिरहेका छन् । किराँत समुदायको उद्गमस्थल मानिने हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानस्थित तुवाचुङ-जायाजुङका साथै दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको मझुवागढी, रूपाकोटगढी र मेरुङ, जन्तेढुंगाको गाउँपालिकाको जन्तेढुंगा र छोंखा, खोटेहाङ गाउँपालिकाको कपासेभञ्ज्याङलगायत साकेला थानहरूमा साकेल सिली प्रदर्शन तथा तीन चेल्हाको पूजा गर्ने चलन छ । उधौलीको चाडको पहिलो दिन आइतबार जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेलबजार नजिकै रहेको किराँत ऐतिहासिकस्थल मझुवागढीमा बृहत् साकेला सिली प्रदर्शनी कार्यक्रम अयोजना गरियो । यहाँ गैरकिराँत समुदायका युवायुवतीकोसमेत उल्लेख्य सहभागिता रहेको थियो ।

समुद्री सतहदेखि करिब दुई हजार ७०० मिटर उचाइमा अवस्थित रूपाकोटगढीमा आइतबार नै भेला भएका खार्मी, जालपा, हौंचुरलगायत किराँती पुर्खा तथा धामीहरूले प्रकृतिको पूजाआराधना गरी उधौली चाडको औपचारिकरूपमा सुरुआत गरेका छन् । रूपाकोटगढीमा किराँती पुर्खा खारम्बु राजाले शासन गरेको इतिहास छ ।

किराँत ऐतिहासिकस्थल रूपाकोटगढीमा पूजाआजा गरेर औपचारिक रूपमा सुरुआत गरिएको साकेला उभौलीको अवसरमा आपसमा शुभकामना आदानप्रदानसमेत गर्ने गरिएको दुमकिम खार्मीका उपाध्यक्ष दिलकुमार राईले जानकारी दिए । उभौलीमा आ-आफ्नो थुम (टोल)मा रहेको साकेला थानमा भेला भएर भूमिको पूजा गर्दै साकेला चाड मनाउने खार्मीका किराँत समुदायले उधौलीमा भने, एकै ठाउँ (रूपाकोटगढी) मा भेला भएर सामूहिक रूपमा भूमिको पूजा गर्दै मनाउने गरेका छन् ।

वर्षको दुईपटक मनाइने साकेला चाडको उधौलीमा अन्नबालीको सह बसोस्, अनिकाल नलागोस् भन्ने कामनाका साथ प्रकृतिको पूजा गर्ने चलन छ । यसमा कुखुराको भाले, चोखो जाँड, रक्सी, अदुवा, पहेँलो रङको चामललगायत सामग्री प्रयोग गरेर प्रकृतिको पूजा गर्ने प्रचलन रहेको छ ।

उधौली र उभौलीमा किराँत राईहरूका प्रत्येक घरमा तीन चुल्हा पुज्नुका साथै साकेला थानमा भूमिको पूजाआजा गरेपछि साकेला गीतको भाका तथा ढोल र झ्याम्टाको तालमा सिली टिप्दै गोलो घेरा हालेर साकेला नाच्ने गरिन्छ । छितको गुन्यू, मखमलको चोली, पहेँलो पटुकी, दौरासुरुवाल, ढाका टोपीलगायत किराँती मौलिक वेशभूषामा सजिएर हरेक किराँत राईहरूको घरघरमा नाच्दै गाउँदै हर्षोल्लासका साथ मनाइने यो चाडमा किराँत समुदायमात्र नभई गैरकिराँत समुदायका युवायुवतीसमेत सहभागी भएर साकेला सिली नाच्ने गरेका छन् ।

चराचुरुंगी तथा जीवजन्तुको नक्कल गर्दै ढोल/झ्याम्टाको तालमा सुम्निमा र पारुहाङ (किराँती पुर्खाहरू)ले सम्पूर्ण सृष्टिजगत्को रक्षा गरून् भन्ने कामनाका साथ साकेला चाड मनाउने गरिएको जनाइएको छ । साकेला उधौली तथा उभौली किराँत राई, लिम्बू, याक्खा र सुनुवार समुदायले मुख्य चाडका रूपमा उधौली १५ तथा उभौली महिना दिनसम्म मान्ने गरेका छन् ।

उधौली तथा उभौलीको अवसरमा किराँत समुदायले मात्र नभई सबै जातजाति तथा धर्मका समुदायलेसमेत साकेला सिली नाच्ने भएकाले जातीय सहिष्णुता, एकता र भाइचाराको विकास गर्ने एउटा समृद्ध संस्कृतिका रूपमा विकास भएको किराँत राई यायोख्खा खोटाङका अध्यक्ष युगशन किराँतले बताए । ‘साकेला चाडमा विशेषगरी प्रकृति र पितृको पूजा गर्दै आपसमा शुभकामना आदानप्रदान गर्ने गरिन्छ,’ उनले भने, ‘साकेला चाडले जातीय, धार्मिक तथा सांस्कृतिक सद्भाव, आपसी मेलमिलाप कायम गर्दै द्वन्द्वलाई निरुत्साहित गर्न भूमिका खेल्ने गरेको छ ।’

साकेला उधौली चाड पूर्वी नेपालको खोटाङ, भोजपुर, धनकुटा, उदयपुर, ओखलढुंगा, सोलुखुम्बु, सप्तरीसभा, सुनसरी, इलाम, पाँचथर, झापा, मोरङलगायत किराँत समुदायको बसोबास रहेको ठाउँमा साकेला नाच नाच्दै धुमधामका साथ मनाउने गरिएको छ । अन्नबाली लगाउने समय अर्थात् वैशाखे पूर्णीदेखि उभौली र अन्न भित्र्याउने बेला अर्थात् मंसिरे पूर्णिमादेखि उधौली चाड मनाउने चलन छ । *रासस*

# हर्षोल्लासका साथ मनाइयो उधौली



**ललितपुर (प्रस)–** किराँत समुदायले उधौली चाड हर्षोल्लासका साथ मनाएका छन् । ललितपुर महानगरपालिका-१४ नखिपोटमा आइतबार किराँत राई यायोख्खा समुदायले साकेला सिली नाच्दै उत्साहका साथ उधौली चाड मनाएका हुन् । यस चाडको उपलक्ष्यमा किराँत राई यायोख्खा, ललितपुर जिल्ला कार्यसमितिले सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो ।

किराँत समुदायका युवतीहरू आफ्नो मौलिक वेशभूषा र गहनामा सजिनाका साथै युवाहरू दौरासुरुवाल र टोपीमा सजिएर ढोल र झ्याम्टा बोकेर साकेला नाच्दा माहोल उल्लासमय देखिन्थ्यो । उभौलीमा खेतीपाती राम्रो होस् भनी पूजा गर्ने र उधौलीमा खेतीपाती राम्रो गरेकामा साकेला (भूमे)लाई धन्यवाद दिने गरिन्छ ।

समितिका अध्यक्ष भूपेन्द्र पुमा राईले भने, ‘आजका दिन प्रकृतिले राम्रो साथ दियो भन्ने अर्थमा प्रकृतिलाई पूजा गरिन्छ र धन्यवाद दिइन्छ । उभौलीमा अन्न बाली छरिन्छ, रोपिन्छ । त्यो उधौलीमा उठाइन्छ र पितृ पुर्खालाई चढाउने काम हुन्छ ।’

हरेक वर्षको मंसिर पूर्णिमाका दिन मनाइने उधौली चाडलाई किराँत समुदायमा फरक-फरक नाम दिए पनि समग्रमा उधौलीको नामले चिनिन्छ । भूमिपूजा गरेर किराँत महिला तथा पुरुष आफ्नो मौलिक वेशभूषामा सजिएर साकेला सिली नाच्ने गर्दछन् ।

‘ललितपुरको हात्तीवनमा पितृपूजा गरेर यहाँ नखिपोटमा साकेली सिली नाच्छौं । साकेला सिलीमा हाम्रो पुर्खाहरूले ढुंगेयुगदेखि आजसम्म के-के गरे सबै देखाइन्छ । विभिन्न खानपीनसहित चाड मनाइन्छ,’ अध्यक्ष राईले भने ।

# गोलीकाण्डमा संलग्न रहेको आरोपमा तीनजना पक्राउ

**नवलपरासी (प्रस)–** पश्चिम नवलपरासीको सुस्तामा गत बिहीबार साँझ भएको गोलीकाण्डमा संलग्न रहेको आरोपमा प्रहरीले तीनजना पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ ।

सुस्ता गाउँपालिका-२ मुसहर टोल बस्ने २३ वर्षीय रोहन महतोको गोली हानी हत्या गरेको आशंकामा प्रहरीले सुस्ता-२ महलबारी बस्ने २२ वर्षीय विशाल मुसहर, सोही स्थानका २१ वर्षीय मोहन थारू र १८ वर्षीय साहिल थारूलाई पक्राउ गरेको थियो । उनीहरू साथीभाइ रहेको र सामान्य आवेगमा घरमै बनेको बन्दुक प्रयोग गरी गोली हानेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीले जानकारी दिएको छ ।

वेल्डिङको काम गर्दै आएका उनीहरूले आफैंले फलाम स्पिड तथा रबर प्रयोग गरी पेस्तोल बनाएका थिए । सोही पेस्तोल लोड गरेर आएका उनीहरूले सामान्य विवादमा महतोमाथि गोली प्रहार गरी भागेको बताइएको छ । उनीहरूका साथबाट प्रहरीले स्थानीयस्तरमा उत्पादन गरिएको पेस्तोल एक थान, २८ थान छर्रा, १२ वटा सलाई, तीन थान छर्रा राख्ने फ्रेम बरामद गरेको छ । पेस्तोल बनाउन आवश्यक सामग्रीहरू सीमावर्ती भारतीय बजारबाट खरिद गरी ल्याएको पाइएको छ ।

पक्राउ परेकाहरूमाथि कर्तव्य ज्यान तथा हातहतियार खरखजना कसूरमा मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयालले जानकारी दिए ।


Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

**Irrigation Feasibility Study and Quality Control Program**
Jawalakhel, Lalitpur

**Request for Expressions of Interest**

**Date of Publication: 16 December, 2024**

The Irrigation Feasibility Study and Construction Quality Program invite Expression of Interest (EOI) from eligible consulting firms (“consultant”) to provide the following consulting services.

| S.N. | Contract No | Description of Work |
|---|---|---|
| 1 | DWRI/IFSCQP/2081/82/EOI-01 | Consulting Services for Study on Environmental Impact Assessment (EIA) of Kailali Ground Water Irrigation Project. |

For details, visit: https://www.bolpatra.gov.np/egp/
Expressions of Interest shall be delivered online through e-GP system https://www.bolpatra.gov.np/egp/ on or before 12:00 hours of 31th December 2024.



**साउदीमा रोजगार** कम्पनी : BAB AL-WAFRA CENTRAL MARKETS सेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ LT. No. 315400 चलानी नं. ६०२२०३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 1 | 0 | 1200 | ४३,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MID-DAY FOOD SUPPLIES LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०८/२८ LT. No. 315265 चलानी नं. ६०२२०३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Grocer | 1 | 0 | 1200 | ४३,२१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.** License No. : 1000/068/69
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



**युएइमा रोजगार** कम्पनी : Obaid Al Qubaisi Transporting & General Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/०८/१६ LT. No. 314708 चलानी नं. ६०२२९००९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Stone Mason | 25 | 0 | 1200 | ४४,२२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Building Demolition Labour | 25 | 0 | 800 | २९,४८० | | | | | | | |
| 3 | Carpenter/ Construction Carpenter | 25 | 0 | 1200 | ४४,२२५ | | | | | | | |
| 4 | Tile Layer | 25 | 0 | 1200 | ४४,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



**साउदीमा रोजगार** कम्पनी : ESNAD TRANSPORTATION COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/३० पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ LT. No. 314853 चलानी नं. ६०२२९२६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver / Heavy Driver | 7 | 0 | 1800 | ६४,८२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौस ८ गते (23rd Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

प्रभाव दैनिक




## भिडियोमा 'माया बराबर'

भूषण खतिवडा र शान्तिश्री परियारको आवाजमा नयाँ गीत 'माया बराबर' सार्वजनिक गरिएको छ । फिञ्जु पाखिनका प्रेमिल शब्दमा गायक भूषण खतिवडाकै संगीत सुन्न सकिन्छ । 'नेपमेलो' नामको युट्युब च्यानलमा सार्वजनिक गरिएको गीतको भिडियोलाई पनि उतिकै प्रेमिल प्रस्तुतिका साथ तयार गरिएको छ । भिडियोमा रियल जोडी लक्ष्मी बर्देवा र जीवन भट्टराईको सफल प्रेम यात्रालाई मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गरिएको छ । उत्सव दाहालको छायांकनमा तयार भिडियोमा सागर दाहाल, विशाल पहारीको पनि अभिनय रहेको छ ।



सोमबार, ०१ पुस २०८१ (Monday, December 16, 2024)



# फेसनको शोको र्‍याम्पमा प्रदीप, आँचलदेखि साम्राज्ञीसम्म

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका चर्चित कलाकार प्रदीप खड्का, आँचल शर्मा, साम्राज्ञीराज्य लक्ष्मी शाह, मिरुना मगर, शिल्पा मास्केलगायतले शनिबार साँझ क्याटवाक गरेका छन् । ग्लाम नेपाल इन्टरनेसनलको चौथो संस्करणमा चर्चित डिजाइनरले बनाएका लुगामा उनीहरूले मोडलकासाथ क्याटवाक गरे । दरबारमार्गस्थित याक एण्ड यती होटलमा आयोजना गरिएको फेसन सोमा कलाकारले शो टपरको रूपमा र्‍याम्पमा क्याटवाक गरेका हुन् ।

फेसन शोमा कलाकारबाहेक पुरुष र महिला गरेर ३० मोडलले विभिन्न पहिरनका आकर्षक डिजाइन पहिरिएर र्‍याम्प वाक गरेका थिए ।

प्रारम्भ प्रोडक्सनको आयोजना रहेको फेसन शोमा विभिन्न नौ सिक्वेलमा स्वयं गुरुङ, सेन्स क्लिक, अफ, सम्राट कउचर, राइनो लेदर्स, आग्य खनाल, हुवा, अन्नुस् क्रियसन, वेरा बाई जारा, राजन शाहलगायतका डिजाइनर्सका आकर्षक र नवीनतम् पहिरन र्‍याम्पमा प्रस्तुत गरिएको थियो ।

फेसन शो नयाँ र आकर्षक पहिरनको बारेमा फेसनप्रेमीलाई जानकारी दिने र फेसन डिजाइनरलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको आयोजक प्रारम्भ प्रोडक्सनका फाउन्डर निर्देशक पवन आचार्यले जानकारी दिए । करिब तीन घण्टा चलेको शोमा कलाकार, व्यवसायीलगायत विभिन्न व्यक्तिहरूको सहभागिता रहेको थियो ।





## योगी नरहरिनाथ अभिनन्दन ग्रन्थको दोस्रो संस्करण सार्वजनिक

**काठमाडौं (प्रस)–** योगी नरहरिनाथको स्मृतिमा प्रकाशन गरिएको अभिनन्दन ग्रन्थको दोस्रो संस्करण लोकार्पण गरिएको छ । सिद्ध धर्म संघले शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा गलेश्वर आश्रमका पीठाधीश स्वामी आत्मानन्द गिरी, प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिका सभापति किरणकुमार साहलगायतले उक्त ग्रन्थको दोस्रो संस्करणको संयुक्तरूपमा लोकार्पण गरेका हुन् ।

एक हजार ५४ पृष्ठको ग्रन्थ संस्कृतिविद् डा. गोविन्द टण्डन, डा. चिन्तामणि योगीलगायतले सम्पादन गरेका हुन् । प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिका सभापति साहले योगी नरहरिनाथले नेपालको राष्ट्रिय पहिचान, गौरवमय इतिहास, परम्परा र संस्कृतिको संरक्षणमा पुऱ्याएको योगदानको स्मरण गरे । संस्कृतिविद् डा. टण्डनले योगी नरहरिनाथको जीवनकालमै २०५४ सालमा पहिलोपटक १४६ जना लेखकको लेख संकलन गरी पहिलोपटक अभिनन्दन ग्रन्थ प्रकाशन गरिएको जानकारी दिए ।

## बिहीबारदेखि मण्डलामा 'हरि हजुरबा'




**काठमाडौं (प्रस)–** थापागाउँस्थित मण्डला नाटक घरमा यही पुस ४ गतेदेखि नाटक 'हरि हजुरबा' मञ्चन हुने भएको छ । अभिनेता नाजिर हुसेनको लेखन, परिकल्पना तथा निर्देशनमा नाटक मञ्चन हुन लागेको हो ।

यस नाटकमा नाजिर स्वयंसहित अभिनेता विजय बराल देखिँदै छन् । साथमा रियुल्साङ, सविना थापा, रोहित शाह, सुजना पाण्डे, मनिष पाण्डे र रिसु राउतको अभिनय रहने छ । निर्मातामा अभिनेताद्वय दयाहाङ राई र बुद्धि तामाङ छन् । नाटकले द्वन्द्वले पारेको प्रभाव र मानवीय सम्बन्धको गहिराइलाई उजागर गर्ने बताइएको छ । चिठी पुऱ्याउँदै हिंड्ने हुलाकी केटो हरि र द्वन्द्वमा हराएकी नातिनीलाई पर्खिरहेका हजुरबाको मार्मिक कथा नाटकमा प्रस्तुत गरिएको निर्माणपक्षको भनाइ छ ।

नाटकको कथा र लेखन कविताबाट उत्प्रेरित छ, जसलाई कथाको रूप दिनुका साथै नाटकको संरचनामा प्रस्तुत गरिएको छ । यस नाटकलाई द्वन्द्वले दिएको घाउमा मल्हम लगाउने प्रयासका रूपमा सिर्जना गरिएको छ ।

आउँदो बिहीबारदेखि सुरू हुने नाटक पुस २८ गते (आइतबार) सम्म सोमबारबाहेक प्रत्येक दिन मञ्चन हुने नाटक घरले जनाएको छ । शनिबार भने दिउँसो १ बजे र साँझ ५:१५ बजे दुईवटा शो हुने छन् । नाटकका सन्देश र प्रस्तुतिले दर्शकलाई गहिरो अनुभूति दिने 'हरि हजुरबा' टिमको अपेक्षा छ ।



# पोखरालाई हराउँदै सुदूरपश्चिम 'प्लेअफ'मा

■ प्रभाव संवाददाता


**काठमाडौं–** सुदूरपश्चिम रोयल्स राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) को 'प्लेअफ'मा प्रवेश गरेको छ । प्रतियोगिताअन्तर्गत आइतबारको दोस्रो खेलमा सुदूरपश्चिमले पोखरा एभेञ्जर्सलाई पाँच रनले हराएर शीर्ष स्थानमा उक्लिँदै प्लेअफमा स्थान पक्का गरेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सुदूरपश्चिमले दिएको १५४ रन लक्ष्य पछ्याएको पोखरा १९.४ ओभरमा सबै विकेट गुमाउँदै १४८ रनमा समेटियो ।

**एनपिएल क्रिकेट**

पोखराका लागि एन्ड्रिज गौसले सर्वाधिक ३६ रन बनाए । उनले २१ बलमा दुई छक्का र चार चौकाको मद्दतले ३६ रन बनाएका हुन् । त्यस्तै, रेमन रेफरले ३३, किरण ठगुन्नाले ३२, दिनेश खरेलले १५ र जेन मलिकले १० रन बनाए ।

पोखराका लागि माइकल लिस्कले पाँच, सागर ढकाल र दिलीप नाथले समान एक/एक रन जोडे । यो खेलमा पोखराले अतिरिक्त १५ रन पाएको थियो । बलिङतर्फ सुदूरपश्चिमका स्कट कुग्गेलिजनले सर्वाधिक पाँच विकेट लिए । हरमित सिंहले तीन र सैफ जैबले एक विकेट हात पारे । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम रोयल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १५३ रन बनाएको थियो ।




### विराटनगरमाथि काठमाडौंको जित

एनपिएल अन्तर्गत आइतबारको पहिलो खेलमा काठमाडौं गुर्खाजले विराटनगर किंग्सलाई एक विकेटले हरायो । विराटनगरले दिएको ११८ रनको लक्ष्य काठमाडौंले १८.१ ओभरमा आठ विकेट गुमाउँदै पूरा गऱ्यो ।

काठमाडौंका लागि प्रतिक श्रेष्ठले सर्वाधिक ३९ रन बनाए । उनले ३४ बलमा दुई छक्का र दुई चौकाको मद्दतले ३९ रन बनाएका हुन् । शंकर रानाले अविजित रहँदै १६, रासिद खानले १४, गेर्हार्ड इरास्मसले १२, दिपेश कँडेलले अविजित ११ र माइकल लेविट १० रनको योगदान दिए ।

यस्तै, काठमाडौंका लागि शाहब आलमले दुई रन जोड्दा स्टिफन एस्किनाजी, भीम सार्की र डेन डउथवेटले समान एक/एक रन बनाए । काठमाडौंले अतिरिक्त १३ रन प्राप्त गऱ्यो । बलिङतर्फ विराटनगरका कप्तान सन्दीप लामिछानेले सर्वाधिक तीन विकेट हात पारे । यस्तै, क्रिस सोल, बसिर अहमद र अनिल खरेलले समान दुई/दुई विकेट हात पारे ।

त्यसअघि, टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले १९.५ ओभरमा सबै विकेट गुमाएर ११७ रन बनाएको थियो । विराटनगरका लागि राजेश पुलामीले सर्वाधिक २५ रन बनाए । उनले २१ बलमा एक छक्का र एक चौका प्रहार गर्दै २५ रन बनाएका हुन् । यस्तै, दिपक बोहराले २०, स्कट एडवर्ड्सले १५, बसिर अहमदले १३ र निकोलस किर्टनले १२ रन जोडे ।

विराटनगरका लागि लोकेश बमले आठ, सुवास भण्डारीले छ, इस्मत आलमले पाँच र क्रिस सोलले एक रनको योगदान दिए । विराटनगरले अतिरिक्त १२ रन प्राप्त गऱ्यो । बलिङतर्फ काठमाडौंका लागि गेर्हार्ड इरास्मसले सर्वाधिक तीन विकेट हात पारे । यस्तै, दिपेश कँडेलले दुई विकेट लिँदा कप्तान करण केसी, शाहब आलम र डेन डउथवेटले एक/एक विकेट लिएका थिए ।

# 'ए डिभिजन लिग फुटबल क्लब'लाई कम्पनी मोडलमा लैजाँदै एन्फा

**वीरगञ्ज (पर्सा)–** अखिल नेपाल फुटबल संघ (एन्फा) ले 'ए डिभिजन लिग फुटबल क्लब' लाई कम्पनी मोडलमा अघि सार्ने योजना बनाएको छ । संघ क्लब मोडलमा रहेका क्लबलाई आर्थिकरूपमा सबल र सक्षम बनाउनका लागि कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता गरेर अघि बढाउने तयारीमा जुटेको हो ।

संघका महासचिव किरण राईले 'ए डिभिजन लिग' खेल्ने फुटबल क्लबलाई कम्पनी मोडलमा अघि सार्न ढिला गर्न नहुने बताए । यहाँ शनिबार आयोजित भेट्रान्स सिटी क्लब वीरगञ्जको आठौं वार्षिक साधारणसभामा उनले नेपालका फुटबल क्लबलाई व्यावसायिक रूपमा अघि बढाउन पनि कम्पनी मोडलमा लैजानुपर्नेमा जोड दिए । 'नेपालका डिभिजन लिग खेल्ने फुटबल क्लबहरू अहिलेसम्म व्यावसायिकरूपमा सञ्चालन हुन सकिरहेका छैनन् । अधिकांश क्लब भावनात्मक लगानीका आधारमा चल्दै आइरहेका छन्,' महासचिव राईले भने, 'जबसम्म क्लबहरू व्यावसायिक बन्दैनन्, तबसम्म राम्रा खेलाडी उत्पादन गर्न पनि सकिँदैन ।'

उनले अबदेखि एन्फाले फुटबल एकेडेमी सञ्चालनको जिम्मा पनि निजी क्षेत्रलाई दिने तयारी गरिरहेको जानकारी दिए । 'अब एन्फा एकेडेमी सञ्चालन गर्न नसक्ने अवस्थामा पुगिसकेको छ । निजी क्षेत्रबाटै एकेडेमी सञ्चालन गरेर खेलाडी उत्पादन गर्ने र खेलाडीको बिक्री गर्ने प्रचलन पनि ल्याउने छौं,' उनले भने ।

कार्यक्रममा सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले पालिकाले पनि खेलकुदका पूर्वाधार र गतिविधिमा लगानी गर्दै आएको बताए । 'खेलकुदको विकास र प्रवर्द्धनका लागि सबैसँग सहकार्य गर्दै आइरहेका छौं । आगामी दिनमा पनि निरन्तरता दिने छौं,' उनले भने ।

वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले महानगरले खेलकुद क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग हातेमालो गरेर अघि बढ्ने बताए । भेट्रान्स सिटी क्लब वीरगञ्जका अध्यक्ष सविन बस्नेतले फुटबल खेलको विकासका लागि निरन्तर काम भइरहेको बताए । 'विगत ११ वर्षदेखि विभिन्न खेलकुदका गतिविधि गर्दै आइरहेका छौं,' उनले भने, 'राज्यले पनि खेलकुदको विकासका लागि हातेमालो गरेर अघि बढ्न जरूरी भइसकेको छ ।' क्लबका महासचिव पंकज श्रेष्ठले क्लबले गरेका आर्थिक प्रगति विवरण पेस गरेका थिए । *रासस*

# दक्षिण कोरियाली कार्यवाहक राष्ट्रपतिविरुद्ध महाभियोग नलगाइने

**सियोल–** दक्षिण कोरियाली कार्यवाहक राष्ट्रपति हान डक सोविरुद्ध महाभियोग प्रस्तावमाथि तत्कालका लागि विचार नगर्ने बताएका छन् ।

दक्षिण कोरियाको प्रमुख प्रतिपक्षी दलका नेता तथा डेमोक्रयाटिक पार्टीका ली जे-म्युङले आइतबार आयोजित पत्रकार सम्मेलनमा आफ्नो पार्टीले देशको कार्यवाहक राष्ट्रपति हान डक सोविरुद्ध महाभियोग प्रस्ताव लगाउने तत्कालका लागि कुनै सोच नभएको बताएका छन् ।

लीले शनिबार फोनमार्फत दिएको जानकारीमा राज्य मामिलालाई तटस्थरूपमा व्यवस्थापन गर्नुपर्नेमा जोड दिएका थिए । राष्ट्रपति युन सुक योललाई शनिबार राष्ट्रियसभाले महाभियोग लगाउने पक्षमा मतदान गरेपछि उनलाई राष्ट्रपतिको जिम्मेवारीबाट निलम्बित गरिएको छ ।

राष्ट्रपतिविरूद्धको महाभियोग प्रस्ताव संसद्बाट पारित भएसँगै सोलको सडकमा शनिबार युनको पक्ष र विपक्षमा हजारौंको संख्यामा ¬याली निकालिएको थियो । मतदानपछि टेलिभिजनमा सम्बोधन गर्दै महाभियोग लागेका युनले आफू 'पदबाट हट्ने' तर सैनिक शासन लागू गर्ने असफल प्रयासका लागि माफी नमागेको बताएका छन् । कूल ३०० संसद् सदस्य रहेको कोरियाली संसद्मा २०४ सांसदले विद्रोहको आरोपमा राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने पक्षमा मतदान गरेका छन् भने ८५ जनाले विपक्षमा मतदान गरेका छन् । मतदानमा तीन सांसद अनुपस्थित रहेका थर आठ मत बदर भएको छ । *रासस/एएफपी*

# अमेरिकाको दक्षिण कोरियासँगको गठबन्धन क्षेत्रीय शान्तिका लागि 'महत्त्वपूर्ण': बाइडेन

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो बाइडेनले प्रधानमन्त्री हान डक सोसँग शनिबार भएको टेलिफोन वार्तामा दक्षिण कोरियासँगको अमेरिकी सम्बन्ध मजबुत रहेको र यो क्षेत्रीय शान्तिका लागि महत्त्वपूर्ण रहेको बताएका छन् ।

दक्षिण कोरियाली नेता युन सुक योलविरूद्ध महाभियोग लगाई पदच्युत गरिएपछि कार्यवाहक राष्ट्रपति बनेका प्रधानमन्त्री हानसँग समसामयिक विषयमा भएको कुराकानीका क्रममा उनले दक्षिण कोरिया र अमेरिकाबीच सम्बन्ध मजबुत रहेको र यो आगामी दिनमा अझ प्रगाढ रहने अमेरिकी राष्ट्रपति बाइडेनले बताएका हुन् । ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रपति बाइडनले कार्यवाहक राष्ट्रपति हानको कार्यकालमा हिन्द-प्रशान्त क्षेत्रमा शान्ति र समृद्धिका लागि गठबन्धन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।'

'राष्ट्रपति बाइडेनले गणतन्त्र कोरियामा लोकतन्त्र र विधिको शासनको लचिलोपनका लागि आफ्नो प्रशंसा व्यक्त गर्नुभयो र गणतन्त्र कोरियाका जनताप्रति संयुक्त राज्य अमेरिकाको कसिलो सहयोगको प्रतिबद्धतालाई दोहोर्‍याउनुभयो,' विज्ञप्तिमा उल्लेख छ । दक्षिण कोरियाका सांसदहरूले शनिबार युनमाथि महाभियोग लगाउने पक्षमा मतदान गरेका थिए । महाभयोग प्रस्ताव पारित भएपछि पदच्युत भएका पिपुल्स पावर पार्टी (पिपिपी) नेता युनको 'मार्शल ल' लागू गर्ने निर्णय (यद्यपि, यो निर्णय केही घण्टामा नै फिर्ता लिइएको थियो) ले दशकौं यताकै सबैभन्दा खराब राजनीतिक उथलपुथलमा फसेको थियो ।

एक संवैधानिक अदालतले युनलाई स्थायीरूपमा पदबाट हटाउने कि नहटाउने भन्ने विषयमा छलफल गरिरहेका बेला टेक्नोक्रेट हानले अन्तरिम नेताको रूपमा सत्ताको वागडोर सम्हाने छन् । अदालतलाई युनको भविष्यबारे फैसला गर्न १८० दिनको समय दिइएको छ । *रासस/एएफपी*

# ट्रम्पको गुप्तचर सल्लाहकार समितिमा नुन्स नियुक्त

**वासिङ्टन–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसलका प्रमुख कार्यकारी अधिकृत डेभिन नुन्सलाई राष्ट्रपतिको गुप्तचर निकायको सल्लाहकार समितिको अध्यक्षमा नियुक्त गरेका छन् ।

हाउस इन्टेलिजेन्स कमिटीको पूर्वअध्यक्षको रूपमा नुन्सको अनुभव र सन् २०१६ को अमेरिकी चुनावमा रूसी हस्तक्षेपको पर्दाफास गर्न उनको महत्त्वपूर्ण भूमिकाको लागि समितिको प्रमुखका लागि योग्य रहेको ट्रम्पले बताए ।

ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट सेयर गर्दै अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पले लेखेका छन्, 'म ट्रुथ सोसलका कार्यकारी प्रमुख नुन्सलाई राष्ट्रपतिको 'इन्टेलिजेन्स एडभाइजरी बोर्ड'को अध्यक्षमा नियुक्त गर्ने कुरा घोषणा गर्न पाउँदा खुसी छु । यस समितिमा संघीय सरकारबाहिरका प्रतिष्ठित नागरिकहरू समावेश छन् ।'

पोस्टमा भनिएको छ, 'ट्रम्पको सञ्चार तथा प्रविधि समूहको नेतृत्व जारी राख्दै नुन्सले 'हाउस इन्टेलिजेन्स कमिटि'का पूर्वअध्यक्षको रूपमा आफ्नो अनुभव र रूसी षडयन्त्रबारे लागेका आरोपको पर्दाफास गर्न उनको महत्त्वपूर्ण भूमिकाको आधारमा मलाई अमेरिकी गुप्तचर समुदायको गतिविधिको प्रभावकारिता र औचित्यको स्वतन्त्र मूल्यांकन प्रदान गर्नुहुने छ । नुन्सलाई बधाई छ ।' *रासस/एएफपी*

# बुर्किना फासोनजिकै भएको आक्रमणमा ३९ जनाको मृत्यु

**नियामी, नाइजर–** बुर्किना फासोको सीमा नजिकै पश्चिमी नाइजरमा हालैका दिनमा भएका दुई आक्रमणमा परी ३९ जनाको मृत्यु भएको नियामीको रक्षा मन्त्रालयले शनिबार जनाएको छ ।

'लिबिरी र कोकोरोउ समुदायमा दुई भयानक आक्रमण भएका छन् । रक्षा र सुरक्षा बलहरूको निरन्तर अपरेसनबाट घेरिएका अपराधीहरूले रक्षाविहीन नागरिकहरूमाथि आक्रमण गर्दा ३९ जनाको मृत्यु भएको छ,' रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

बर्बर आक्रमणमा लिबिरीमा २१ जना र कोकोरोउका बालबालिकासहित १८ जनाको मृत्यु भएको मन्त्रालयले पुष्टि गरेको छ ।

उक्त सशस्त्र आक्रमणमा डिसेम्बर १२ देखि १४ सम्म चलेको विज्ञप्तिमा उल्लेख गरिएको छ । हालैका दिनहरूमा विशेषगरी रक्तपातपूर्ण जिहादी आक्रमणहरूको सिकार भएका यी समुदायहरू तेरा सीमा क्षेत्रमा अवस्थित छन् । यस क्षेत्रलाई सशस्त्र जिहादी लडाकू समूहको आश्रयस्थल मानिन्छ ।

नाइजर, माली र बुर्किना फासोबीचको सीमावर्ती भूमि लामो समयदेखि इस्लामिक स्टेट समूह र अलकायदासँग सम्बन्धित जिहादीहरूका लागि लुकेर बस्ने स्थानका रूपमा परिचित छ । स्थानीय स्रोतहरूले डिसेम्बर ७ मा एएफपीलाई दिएको जानकारीअनुसार पछिल्लो आक्रमणमा बन्दुकधारीहरूले मालसामान बोकेर गएका गाडीहरूको समूहमाथि आक्रमण गर्दा २१ जना सर्वसाधारणको मृत्यु भएको थियो ।

बिबिसी र आरएफआई दुवैले बुधबार तेराको चाटौमानेमा जिहादीले ९० सैनिक र ४० भन्दा बढी सर्वसाधारणको हत्या गरेको जनाएका थिए । नाइजरको जुन्टा सरकारले आक्रमण र मृत्युका समाचारलाई 'आधारहीन दाबी' भन्दै खण्डन गरेको छ । एएफपीले स्वतन्त्र स्थानीय स्रोतबाट ती संख्या पुष्टि गर्न नसके पनि पश्चिमी सुरक्षा स्रोतले एएफपीलाई मंगलबारको आक्रमणमा ९० देखि १०० जनाको मृत्यु भएको जनाएको छ । *रासस/एएफपी*


**राष्ट्रिय विज्ञापन संघ नेपाल**
**National Advertising Association of Nepal (NAAN)**
का.म.न.पा. ११, त्रिपुरेश्वर, काठमाडौं

**आर्थिक वर्ष २०८१/०८२ का लागि संघमा आवद्ध आधिकारिक विज्ञापन एजेन्सीहरुको नामावली**

| क्र.सं. | विज्ञापन एजेन्सीको नाम | ठेगाना |
|---|---|---|
| १ | ए.पि. एण्ड जि. मिडिया प्रा. लि. | जाउलाखेल, ललितपुर |
| २ | आँधीखोला मिडिया हाउस | नागार्जुन, काठमाडौं |
| ३ | एड. चौतारी प्रा. लि. | कमलपोखरी, काठमाडौं |
| ४ | एड कन्सेप्ट | मिनभवन, काठमाडौं |
| ५ | एड फोकस मल्टिपल बिजनेस प्रा. लि. | बागबजार, काठमाडौं |
| ६ | एड प्रो मिडिया प्रा. लि. | थापागाउँ, काठमाडौं |
| ७ | अक्षय पब्लिकेशन एण्ड जि. मिडिया प्रा. लि. | जाउलाखेल, ललितपुर |
| ८ | एम्बिसियस मिडिया एण्ड मल्टिपल बिजिनेस प्रा. लि. | थापाथली, काठमाडौं |
| ९ | अन्नपूर्ण एडभरटाईजिङ एण्ड प्रिन्टिङ प्रा. लि. | नागार्जुन, काठमाडौं |
| १० | एप्पल मिडिया एण्ड एडभरटाईजिङ प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| ११ | आरम्भ विज्ञापन सेवा | नयाँ ठिमी, भक्तपुर |
| १२ | बहार मिडिया प्रा. लि. | बुढानिलकण्ठ, काठमाडौं |
| १३ | बाँसुरी मिडिया प्रा. लि. | ईन्द्रावती, सिन्धुपाल्चोक |
| १४ | वेत्रावती प्रिन्टिङ्ग प्रेस एण्ड सप्लायर्स प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| १५ | भलाई सप्लायर्स एण्ड एडभरटाईजिङ्ग प्रा. लि. | महाराजगंज, काठमाडौं |
| १६ | ब्राण्ड मन्त्र प्रा. लि. | पुतलीसडक, काठमाडौं |
| १७ | व्यवसाय प्रवर्द्धन अनुसन्धान तथा सञ्चार प्रा. लि. | पुतलीसडक, काठमाडौं |
| १८ | क्यानभास प्लस मल्टि मिडिया प्रा. लि. | पुतलीसडक, काठमाडौं |
| १९ | चण्डीमाई एडभरटाईजिङ एजेन्सी | नागार्जुन, काठमाडौं |
| २० | चन्द्रागिरी हिल्स मिडिया प्रा. लि. | चन्द्रागिरी, काठमाडौं |
| २१ | चितवन एडभरटाईजिङ्ग एण्ड मिडिया सर्भिस | चितवन |
| २२ | सिटी एक्सप्रेस मिडिया प्रा. लि. | कलंकी, काठमाडौं |
| २३ | क्रियटिभ मिडिया प्रिन्ट प्रा. लि. | पुतलीसडक, काठमाडौं |
| २४ | दर्शन मिडिया होम | अनामनगर, काठमाडौं |
| २५ | डच मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| २६ | ईनिग्मा एडभरटाईजिङ्ग एण्ड मार्केटिङ्ग प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| २७ | एभरेष्ट एड एण्ड ईभेन्ट म्यानेजमेन्ट प्रा. लि. | कुपण्डोल, ललितपुर |
| २८ | एक्सिलेन्ट एडभरटाईजिङ सर्भिस प्रा. लि. | नागार्जुन, काठमाडौं |
| २९ | फास्टेक मिडिया एजेन्सी प्रा. लि. | सुन्दरहरैचा, मोरङ |
| ३० | फियरलेस मिडिया प्रा. लि. | बसुन्धरा, काठमाडौं |
| ३१ | फोर जि. मार्केटिङ एण्ड डिस्ट्रिब्युसन प्रा. लि. | चाबहिल, काठमाडौं |
| ३२ | गण्डकी मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ३३ | ग्लोबल मिडिया होम | अनामनगर, काठमाडौं |
| ३४ | ग्लोबल ट्रेड एण्ड कन्सर्न प्रा. लि. | अनामनगर, काठमाडौं |
| ३५ | गुगल एडभरटाईजिङ्ग प्रा. लि. | बाफल, काठमाडौं |
| ३६ | हेल्पिङ्ग ह्याण्ड एडभरटाईजिङ्ग एजेन्सी प्रा. लि. | काठमाडौं |
| ३७ | हिमालय एडभरटाईजिङ एण्ड मिडिया प्रा. लि. | बागबजार, काठमाडौं |
| ३८ | होप मिडिया | बागबजार, काठमाडौं |
| ३९ | इनोभेट प्रा. लि. | काठमाडौं |
| ४० | इनोभेटिभ मिडिया एण्ड मल्टिपल बिजनेस प्रा. लि. | अनामनगर, काठमाडौं |
| ४१ | ज्योति एड मिडिया सर्भिसेस | तिनकुने, काठमाडौं |
| ४२ | कलश एडभरटाईजिङ सर्भिस प्रा. लि. | बुद्धनगर, काठमाडौं |
| ४३ | कालिका एड मिडिया सर्भिस | बबरमहल, काठमाडौं |
| ४४ | कामना मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ४५ | कोकिल मिडिया | अनामनगर, काठमाडौं |
| ४६ | क्रिष्टल मिडिया प्रा. लि. | चाँगुनारायण, भक्तपुर |
| ४७ | कुलदेवता मल्टिपरपोज कम्पनी लि. | बुढानिलकण्ठ, काठमाडौं |

| क्र.सं. | विज्ञापन एजेन्सीको नाम | ठेगाना |
|---|---|---|
| ४८ | एम.आर. एडभरटाईजिङ्ग एजेन्सी प्रा. लि. | टोखा, काठमाडौं |
| ४९ | मनास्लु एडभरटाईजिङ एण्ड मिडिया प्रा. लि. | बागबजार, काठमाडौं |
| ५० | मिडिया जर्नल प्रा. लि. | सातदोबाटो, ललितपुर |
| ५१ | मिडिया सोलुसन प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| ५२ | मेरो आर्थिक मिडिया प्रा. लि. | कोटेश्वर, काठमाडौं |
| ५३ | मोदक एडभरटाईजिङ्ग प्रा. लि. | सूर्यविनायक, भक्तपुर |
| ५४ | नेशनल मिडिया सर्भिस प्रा. लि. | बबरमहल, काठमाडौं |
| ५५ | नेचुरल मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ५६ | नेपाल मिडिया हाउस प्रा. लि. | कुपण्डोल, ललितपुर |
| ५७ | न्यु एरा मिडिया एण्ड एडभरटाईजिङ्ग प्रा. लि. | अनामनगर, काठमाडौं |
| ५८ | नर्थ स्काई पब्लिकेशन | सातदोबाटो, ललितपुर |
| ५९ | ओसिस भिजन प्रा. लि. | घट्टेकुलो, काठमाडौं |
| ६० | पी.आर. मल्टिपल सोलुसन प्रा. लि. | काठमाडौं |
| ६१ | पानस एडभरटाईजिङ्ग मिडिया प्रां. लि. | सूर्यविनायक, भक्तपुर |
| ६२ | पानस मल्टिमिडिया प्रा. लि. | पाटनढोका, ललितपुर |
| ६३ | पोलिसी मिडिया प्रा. लि. | चावाहिल, काठमाडौं |
| ६४ | प्रिन्ट प्रो ईन्टरप्राईजेज प्रा. लि. | ललितपुर |
| ६५ | पुर्वेली विज्ञापन सेवा | नयाँबानेश्वर, काठमाडौं |
| ६६ | आर.आर. एड मिडिया | बुढानिलकण्ठ, काठमाडौं |
| ६७ | राज मिडिया एण्ड मार्केटिङ प्रा. लि. | मैतिदेवी, काठमाडौं |
| ६८ | रेड डिजिटल ईन्टरटेन्मेन्ट प्रा. लि. | बत्तीसपुतली, काठमाडौं |
| ६९ | सफल बिज लिंक | नयाँबजार, पोखरा |
| ७० | सजिलो मिडिया एण्ड सर्भिस प्रा. लि. | बागबजार, काठमाडौं |
| ७१ | सार्थक विज्ञापन सेवा प्रा. लि. | काठमाडौं |
| ७२ | श्रीराम फिल्म्स एण्ड एडभरटाईजिङ्ग | सर्लाही |
| ७३ | सिद्धिविनायक एडभरटाईजिङ प्रा. लि. | सुर्यविनायक, भक्तपुर |
| ७४ | सिगास मिडिया हब प्रा. लि. | धनगढी |
| ७५ | स्मारिका ट्रेडर्स | महाराजगंज, काठमाडौं |
| ७६ | स्मार्ट क्रिएटिभ मिडिया प्रा. लि. | सुर्यविनायक, भक्तपुर |
| ७७ | एस.एम.डी. स्मार्ट मिडिया प्रा. लि. | डिल्लीबजार, काठमाडौं |
| ७८ | सोलुसन मिडिया प्रा. लि. | काठमाडौं |
| ७९ | स्टार एडभरटाईजिङ्ग प्रा. लि. | काठमाडौं |
| ८० | सपोर्ट मिडिया प्रा. लि. | टोखा, काठमाडौं |
| ८१ | स्वर्गद्वारी मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ८२ | स्वतन्त्र मिडिया प्रा. लि. | काठमाडौं |
| ८३ | स्युचाटार ईन्टरप्राइजेज प्रा. लि. | नागार्जुन, काठमाडौं |
| ८४ | तेडी मिडिया एजेन्सी | धनगढी, कैलाली |
| ८५ | त्रिलक्ष्मी एडभरटाईजिङ सर्भिसेस प्रा. लि. | टोखा, काठमाडौं |
| ८६ | टर्बो मिडिया प्रा. लि. | डिल्लीबजार, काठमाडौं |
| ८७ | युनिभर्सल मिडिया एण्ड एडभरटाईजिङ एजेन्सी प्रा. लि. | बालाजु, काठमाडौं |
| ८८ | भेराईटिज कन्सल्टिङ्ग नेटवर्क प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ८९ | भर्चुवल मिडिया प्रा. लि. | सूर्यविनायक, भक्तपुर |
| ९० | भिजन एड मिडिया | बुढानिलकण्ठ, काठमाडौं |
| ९१ | विन मिडिया प्रा. लि. | अनामनगर, काठमाडौं |
| ९२ | वर्ल्ड पीस एडभरटाईजिङ्ग सर्भिस प्रा. लि. | टेकु, काठमाडौं |
| ९३ | युग सन्देश मिडिया | काठमाडौं |

**नोट : यस संघमा आवद्ध हुन ईच्छुक विज्ञापन एजेन्सीले संघका महासचिव श्री आशिष खड्का (मो. ९८५११४०३८६) लाई सम्पर्क गर्नहुन अनुरोध गर्दछौं ।**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५३००० | प्रति तोला - ० | प्रति तोला - १८६० |



**बन्द रहेको वायु ऊर्जा** | अछामको कमलबजारमा अवस्थित हावाबाट निकालिएको २० किलोवाटको वायु ऊर्जा । वायु ऊर्जाको सामानहरूमा समस्या देखिएपछि पछिल्लो समय बन्द अवस्था रहेको छ ।

*तस्बिरः सुशील भण्डारी/रासस*

# टीकापुर विमानस्थलमा २७ वर्षपछि उडान



■ प्रभाव संवाददाता

**टीकापुर (कैलाली)–** २७ वर्षदेखि बन्द अवस्थामा रहेको कैलालीको टीकापुर विमानस्थल नियमित सञ्चालनमा आएको छ । आइतबार तारा एयरको वाइटी १७०१ नम्बरको ट्वीनअटर विमानमा चालक दलका तीनसहित छ कर्मचारी र १२ यात्रु बोकेको विमान दिउँसो टीकापुर विमानस्थलमा अवतरण गरेसँगै विमानस्थलमा नियमित हवाई उडान सुरू भएको हो ।

यसअघि २०४१ असोज २५ गतेदेखि सञ्चालनमा आएको विमानस्थल सशस्त्र द्वन्द्व सुरु भएसँगै २०५३ साल माघदेखि बन्द अवस्थामा रहेको नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए ।

पहिलो उडानमार्फत टीकापुर पुगेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरूणकुमार चौधरीलगायतलाई टीकापुर नगरपालिकाका प्रमुख रामलाल डगौरा, उद्योग वाणिज्य संघ टीकापुरका उपाध्यक्ष कृष्ण बजगाईँलगायतले स्वागत गरेका थिए । विमान अवतरणका क्रममा सयौंको संख्यामा उपस्थित स्थानीयले भव्य स्वागत गरेका थिए ।

त्यसअवसरमा राज्यमन्त्री चौधरीले टीकापुर विमानस्थलको छिट्टै स्तरोन्नति गरी आगामी दिनमा काठमाडौं-टीकापुर सीधा हवाई उडान सञ्चालन गरिने बताए । 'गत निर्वाचनमा पनि मैले टीकापुर विमानस्थल सञ्चालनको प्रतिबद्धता जनाएको थिएँ, आजदेखि टीकापुर विमानस्थल नियमित सञ्चालनमा आएको छ, यसको निरन्तरताका लागि मेरो प्रयास रहने छ,' मन्त्री चौधरीले भने ।

टीकापुर नगरपालिकाको विशेष पहलमा काठमाडौंदेखि नेपालगञ्जसम्म यति एयरलाइन्समार्फत र नेपालगञ्जबाट 'कनेक्टिङ फ्लाइट' मार्फत टीकापुर विमानस्थलसम्म तारा एयरले उडान गर्ने गरी व्यवस्थापन गरिएको टीकापुरका नगरप्रमुख डगौरा थारूले जानकारी दिए ।

विमानस्थलमा प्रत्येक साता आइतबार र बिहीबार काठमाडौं-नेपालगञ्ज-टीकापुर र टीकापुर-नेपालगञ्ज-काठमाडौं उडान हुने छ । टीकापुर नगरपालिका र तारा एयरबीच प्रत्येक उडानमा न्यूनतम १५ सिटको रकम सुनिश्चित गर्ने गरी सम्झौता भएको नगरप्रमुख डगौरा थारूले जानकारी दिए । 'यति एयरलाइन्सले काठमाडौं-नेपालगञ्ज र त्यहाँबाट कनेक्टिङ फ्लाइटमार्फत तारा एयरले नेपालगञ्ज-टीकापुर उडान भर्ने छ । यसका लागि एकमुष्ट काठमाडौं-टीकापुरको एकतर्फी भाडा नौ हजार रूपैयाँ निर्धारण गरिएको छ,' उनले भने ।

उनले लामो प्रयासपछि विमानस्थल सञ्चालन सम्भव भएको उल्लेख गर्दै यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डे, पर्यटन राज्यमन्त्री चौधरी, नेपाल नागरिक उड्डयन प्राधिकरण, विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय सरोकारवाला, उद्योग वाणिज्य संघ टीकापुर, व्यावसायी तथा सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीलगायतलाई विशेष भूमिका निर्वाह गरेकामा धन्यवाद व्यक्त गरे ।

उक्त उडानको टिकट बिक्रीका लागि आधिकारिक बिक्रेतामा पथिल होलिडेजलाई नियुक्त गरिएको छ । टीकापुरस्थित सिद्धार्थ होटल र काठमाडौंको तीनकुनेमा रहेको पथिल होलिडेजबाट पनि टिकट काट्न मिल्ने गरी व्यवस्था गरिएको छ । साथै यात्रुहरूले यति एयरलाइन्सको एप, विभिन्न ट्राभल एजेन्सी, खल्ती, इसेवालगायतका माध्यमबाट टिकट खरिद गर्न पनि सक्ने छन् ।

विमानस्थल सञ्चालनमा आएपछि धनगढी र नेपालगञ्ज विमानस्थल धाइरहेका टीकापुर नगरपालिका आसपासका कैलाली, सुर्खेत र बर्दियाका स्थानीयलाई सहज हुने अपेक्षा गरिएको छ । टीकापुर विमानस्थलमा हाल धावनमार्गमा ग्राभेल गरिएको छ ।

सिद्धार्थ बिजनेस ग्रुपका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद न्यौपानेले विमानस्थल सञ्चालनमा आएपछि टीकापुरलाई पर्यटकीय सहरका रूपमा विकास गर्न थप सहज हुनेमा विश्वास व्यक्त गरे । तारा एयरका प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार काठमाडौंबाट बिहान १० बजे यती एयरलाइन्सको विमान नेपालगञ्जका लागि उडान भर्ने छ भने त्यहाँबाट दिउँसो १२:३० बजे तारा एयरले यात्रु लिएर टीकापुर पुग्ने छ । सोही दिन दिउँसो १:२० बजे तारा एयरको विमान नेपालगञ्जका लागि प्रस्थान गर्ने छ भने दिउँसो २:०५ बजे यति एयरलाइन्सको विमानले यात्रु लिएर काठमाडौं आउने तालिका छ ।

त्यसैगरी काठमाडौंदेखि अछामको साँफेबगरस्थित विमानस्थलमा उडानका लागि पनि साँफेबगर नगरपालिका र तारा एयरबीच सहमति भइसकेको छ । यद्यपि साँफेबगरस्थित विमानस्थलमा परीक्षण उडानपछि मात्रै नियमित उडान हुने छ । साँफेबगर नगरपालिकाले पनि तारा एयरसँग न्यूनतम १५ सिटका लागि सुनिश्चित गर्ने सम्झौता गरिसकेको छ अर्थात् न्यूनतम १५ सिट नभएमा नगरपालिकाले सो बराबरको रकम उपलब्ध गराउने छ ।

# तनहुँ जलविद्युत् आयोजनाको सुरूङ 'ब्रेक थ्रु'



**तनहुँ–** तनहुँ जलविद्युत् आयोजनाको प्याकेज-२ अन्तर्गत जलाशयको मुहान (इनटेक) बाट सुरू भई पेनस्टक पाइप रहने स्थानसम्मको एक हजार ४९३ मिटर लामो सुरूङ 'ब्रेक थ्रु' (छिचोलेको) भएको छ । मुख्य सुरूङबाट गएको पानीलाई २१३ मिटर लामो पेनस्टक पाइपमार्फत भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादनका लागि कंक्रिट लाइननिङ कार्य भइरहेको छ ।

उक्त कार्यका लागि पेनस्टक पाइप जडान कार्य अन्तिम चरणमा पुगेको आयोजनाका सञ्चारविज्ञ सचिन गौतमले जानकारी दिए । आयोजनाको सुरूङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ को निर्माण कार्य सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ ।

विद्युत्गृहका सिभिल संरचना निर्माण कार्य पनि अन्तिम चरणमा रहेको आयोजनाले जनाएको छ । स्वीजयार्ड निर्माण, विद्युत्गृहमा रहने उपकरण जडानलगायतका कार्य भइरहेका छन् । टेलरेस निर्माण सम्पन्न भएको छ । यस प्याकेजको समग्र भौतिक प्रगति करिब ६२ प्रतिशत छ । प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारणलाइन निर्माणका केइसी इन्टरनेसनल लिमिटेड, भारतले गरिरहेको छ ।

सञ्चारविज्ञ गौतमका अनुसार ३४.७ किलोमिटर प्रसारणलाइनमा पर्ने ९४ वटा टावरमध्ये ७८ वटा टावरको जग हालिएको छ भने ६९ वटा टावर खडा गरिएको छ । उक्त प्याकेजको समग्र निर्माण प्रगति ७४ प्रतिशत रहेको छ । एसियाली विकास बैंक (एडिबी) र नेपाल विद्युत् प्राधिकरणको उच्चस्तरीय टोलीले तनहुँस्थित सेती नदीमा निर्माणाधीन १४० मेगावाट जडित क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत् आयोजनाको निर्माण कार्यले गति लिइरहेको छ ।

मुख्य संरचनालाई तीन प्याकेजमा विभाजन गरी निर्माणाधीन आयोजनाको समग्र प्रगति ६३ प्रतिशत रहेको छ । समग्र निर्माण २०८३ असारभित्र (सन् २०२६ मे) सक्ने लक्ष्य राखिएको आयोजनाका प्रबन्ध निर्देशक किरणकुमार श्रेष्ठले बताए । उनका अनुसार ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ को सिमाना भएर बग्ने सेती नदीमा १४० मिटर उचाइको मुख्य बाँध निर्माण गर्न लागिएको छ । 'प्याकेज-१ अन्तर्गत मुख्य बाँधको तल्लो तह क्षेत्रमा ग्राउटिङ भइरहेको छ,' उनले भने, 'क्रसर तथा चिस्यान प्लान्ट स्थापना गरी तयारी अवस्थामा राखिएको छ ।'

मुख्य बाँध निर्माण छिट्टै सुरू गर्न लागिएको छ । प्याकेज-१ को निर्माण प्रगति करिब ३६ प्रतिशत छ । प्याकेज-१ को निर्माण सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल, जेभीले गरिरहेको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारणलाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ । यसका लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ । *रासस*

# पेट्रोलको मूल्य बढ्यो, डिजेल र मट्टितेलको घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ । डिजेल र मट्टितेलको मूल्य भने घटाएको छ । निगम सञ्चालक समितिको आइतबारको बैठकले राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर दुई रूपैयाँ घटाएको हो ।

निगमले पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर १५९ रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि प्रतिलिटर १६१ रूपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १६२ रूपैयाँ तोकेको छ । यस्तै डिजेल र मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर १४८



रूपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि प्रतिलिटर १५० रूपैयाँ र तेस्रो वर्गका लागि १५१ रूपैयाँ निर्धारण गरिएको छ ।

निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायल तोकेको छ । डिपोदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुने निगमले जनाएको छ ।

इण्डियन आयल कर्पोरेसनबाट आइतबार प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा दुई रूपैयाँ २८ पैसा बढेको र डिजेलमा प्रतिलिटर एक रूपैयाँ ४८ पैसा घटेकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

# कम्बोडिया-भैरहवा सीधा उडानका लागि कम्बोडियाली मन्त्रीसमक्ष प्रस्ताव

**काठमाडौं (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले कम्बोडिया-भैरहवा-कम्बोडिया सीधा उडानको प्रस्ताव गरेका छन् । कम्बोडियाका संस्कृति तथा धार्मिक मामिलामन्त्री चाई बोरिनसँग आइतबार भएको भेटमा मन्त्री पाण्डेले कम्बोडिया-भैरहवा-कम्बोडिया सीधा उडानको प्रस्ताव गरेका हुन् ।

मन्त्री पाण्डेले सरकारले पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्ने वायुसेवा कम्पनीलाई दिएको सहुलियतसमेत जानकारी गराएका थिए । भेटमा दुवै देशका प्रमुख बौद्ध तीर्थस्थललाई जोड्ने गरी 'बौद्ध सर्किट' को रूपमा विकास गर्न सकिने, पर्यटन प्रवर्द्धनका लागि दुवै देशबीचमा कला, संगीत र साहित्यमा सहकार्य तथा सांस्कृतिक महोत्सव कार्यक्रम र पर्यटन बोर्डबीच साझेदारी गर्न सकिने विषयमा छलफल भएको थियो । दुवै देशका युनेस्को विश्व सम्पदा क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहकार्यको सम्भावना, सांस्कृतिक समझदारी र सद्भावलाई गहिरो बनाउने उद्देश्यले युवा र शैक्षिक आदानप्रदानलगायत विषय पनि छलफल भएको मन्त्री पाण्डेको सचिवालयले जनाएको छ ।

पारस्परिक पर्यटनलाई प्रोत्साहित गर्न प्रत्यक्ष उडान र भिसा प्रक्रियामा सहजीकरणको आवश्यकताबारे दुई मन्त्रीबीच विचार विमर्श भएको थियो । भेटमा संस्कृति तथा धार्मिक मामिलामन्त्री बोरिनले मन्त्री पाण्डेलाई कम्बोडियाको औपचारिक भ्रमणको निम्तासमेत दिनुभएको मन्त्री पाण्डेको सचिवालयले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ